# अध्याय : एक

# परिचय

## १.१. पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल २६ड्ड२२' उत्तरी अक्षांशदेखि ३०ड्ड२७' उत्तरी अक्षांश र ८०ड्ड४' देखि ८८ड्ड१२' पूर्वी देशान्तरसम्म फैलिएको पाइन्छ। नेपाल एसिया महादेशमा अवस्थित एक भूपरिवेष्ठित राष्ट्र हो। यसको पूर्व-पश्चिम लम्बाइ ८८५ कि.मि. रहेको छ भने क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. रहेको छ (सेन्ट्रल ब्युरो अफ ...., २००२:१)। क्षेत्रफलको हिसाबले नेपाल सानो भए तापनि ऐतिहासिक कला, संस्कृतिको हिसाबले यो विशाल छ। भौगोलिक रूपमा यसलाई हिमाल, पहाड, तराई गरी ३ भागमा र प्रशासनिक रूपमा ५ विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा बाँडिएको छ। यहाँ जम्मा ३९१५ गा.वि.स. र ५८ वटा नगरपालिकाहरू रहेका छन्। २०५८ सालको जनगणनाअनुसार यहाँको जनसङ्ख्या २,३१,५१,४२३ छ। यस्तै नेपालको साक्षरता प्रतिशत ५४.१% र प्रतिव्यक्ति आम्दानी २७० अमेरिकी डलर रहेको छ। यहाँका मठमन्दिर, कलासंस्कृति विश्वकै अनुपम नमुनाका रूपमा रहेका छन्। नेपालमा धार्मिक, सामाजिक, भौगोलिक एवं सांस्कृतिक विविधता छ। यिनै विविधतामध्ये सामाजिक, धार्मिक स्थितिको बारेमा केन्द्रित रही स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ६ रामकोश, फूलबारीमा अवस्थित मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको ऐतिहासिक, सामाजिक, सांस्कृतिक प्रभावको विविध पक्षहरूलाई अध्ययनको दायराभित्र समेटी प्रस्तुत अध्ययन गरिएको छ। स्थानीय क्षेत्रमा शिव मन्दिरको महिमा निकै ठूलो छ भने मुक्तिनाथ सदावर्त गुठीबाट हिजोका दिनमा तीर्थयात्रीहरू विशेषतः मुक्तिनाथ जाने यात्रीहरूलाई त्यहाँ निःशुल्क गासबासको व्यवस्था गरिन्थ्यो। त्यसैले यसको विशेष महत्त्व रहेको छ।

प्राचीन नेपालको इतिहासलाई केलाउँदा नेपाली समाजमा धर्मलाई ठूलो महत्त्व दिइएको पाइन्छ। मठमन्दिर निर्माण गर्नु, धार्मिक क्रियाकलापमा संलग्न भइरहनु, धार्मिक ग्रन्थहरूको अध्ययन गरी सो अनुसार ऐन, नियम बनाई समाजलाई निर्देशित

गर्नु तत्कालीन अवस्थामा महत्त्वपूर्ण कार्यहरू थिए । यहाँ कलात्मक देव, देवालय निर्माण गरी सोको बारेमा शिलालेख, ताम्रपत्र आदि तयार पार्ने समेतका कार्यहरू गर्ने गरिन्थ्यो । आधुनिक कालमा पनि त्यो स्थितिमा ठूलो फेरबदल भएको पाइँदैन । नेपाली समाजमा हिन्दू धर्मावलम्बीका अतिरिक्त बौद्ध, इस्लाम, इसाई आदि धर्मावलम्बीहरूको समेत बसोबास रहँदै आएको छ । यद्यपि जुनसुकै धर्म सम्प्रदाय मान्ने भए तापनि नेपालीहरूबीच धार्मिक एवं साम्प्रदायिक सहिष्णुता रहेको छ । नेपालमा अवस्थित मठ, मन्दिर, चैत्य, गुम्बा, चर्च, मस्जिद सबै हाम्रा साझा सम्पत्ति एवं मौलिक पहिचान हुन् । नेपालीहरूमा सहिष्णुता कायम गर्नमा यिनीहरूले पनि ठूलो भूमिका निभाएका छन् ।

## १.२. समस्याकथन

नेपाली समाज सांस्कृतिक रूपले अत्यन्त धनी छ । नेपालीहरू परम्परादेखि नै धार्मिक रूपले पनि अत्यन्त आस्थावान् देखिन्छन् । धर्मको रक्षार्थ, देवदेवीहरूको पूजाआजा तथा व्यवस्थापनका लागि लिच्छविकालदेखि नै व्यक्तिगत रूपमा तथा राज्यद्वारा गुठी व्यवस्था गर्दै आएको पाइन्छ । यस्तै अनेकौं ठाउँहरूमा मूलतः तीर्थयात्रीहरूका लागि बसोबास तथा खानपानको व्यवस्थापनका लागि राज्यबाट सदावर्त गुठी राखिदिने व्यवस्था सञ्चालन भएको पनि पाइन्छ । यही परिप्रेक्ष्यमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चल, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. ६ मा अवस्थित श्री शिव मन्दिर तथा मुक्तिनाथ सदावर्त गुठीको धार्मिक/सामाजिक रूपले निकै महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । यस महत्त्वपूर्ण स्थानको धार्मिक, सांस्कृतिक एवं अन्य कुनै पनि विषयमा खोजमूलक अनुसन्धान भएको छैन । मूलतः मुक्तिनाथ दर्शन गर्न जाने यात्रीहरूलाई यस स्थानमा गासबासको व्यवस्था गर्ने 'मुक्तिनाथ सदावर्त गुठी' वास्तवमा किन स्थापना गरिएको थियो ? यसको विशेष उद्देश्य के थियो ? यस गुठीमार्फत के कस्ता कामहरू भएका थिए ? शिव मन्दिर, फूलबारी (पुतलीबजार नगरपालिका) को पूजाआजा तथा त्यसको सामाजिक, धार्मिक प्रभाव कस्तो रहेको छ ? मुक्तिनाथ सदावर्त गुठी तथा फूलबारी मन्दिरको वर्तमान अवस्था के छ ? यिनै विषयवस्तुभित्र केन्द्रित रही अध्ययन गर्नु नै

यस अध्ययनको समस्या कथन रहेको छ ।

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् -

- स्याङ्जा, पुतलीबजार-६ रामकोश, फूलबारीमा अवस्थित शिव मन्दिर तथा मुक्तिनाथ सदावर्त गुठीको ऐतिहासिक तथ्य प्रकाशमा ल्याउनु ।
- शिव मन्दिर तथा मुक्तिनाथ सदावर्त गुठीको वर्तमान अवस्थाका बारेमा प्रकाश पार्नु ।
- शिव मन्दिर तथा मुक्तिनाथ सदावर्त गुठीको सामाजिक, धार्मिक तथा सांस्कृतिक प्रभावको अध्ययन गर्नु ।

## १.४. अध्ययनको महत्व

अध्ययन अनुसन्धानको महत्त्व रहन्छ नै। यस शोधकार्यबाट पाठकहरूले पुतलीबजार-६ रामकोश, फूलबारीस्थित मुक्तिनाथ सदावर्त गुठी र शिव मन्दिरको ऐतिहासिक तथ्यका बारेमा जानकारी पाउने छन् । त्यस मन्दिरसँग सम्बद्ध व्यक्ति तथा संघसंस्थाले दिएका योगदानबारे पाठकहरूलाई जानकारी हुनेछ। साथै यस अध्ययनबाट मूलतः नेपाली समाजको धार्मिक प्रवृत्ति र गतिविधिका बारेमा पनि जानकारी हुने विश्वास लिइएको छ ।

## १.५. अध्ययनको सीमा तथा क्षेत्र

हाम्रो देश नेपाल भौगोलिक हिसाबले सानो भए तापनि धार्मिक, सांस्कृतिक, कला र कौशलका दृष्टिले विशाल छ। यहाँ धार्मिक एवं ऐतिहासिक परम्परा तथा चालचलनले साँच्चिकै जरो गाडेको छ। धार्मिक, ऐतिहासिक आस्था र विश्वासका कारण मानसपटलमा अमिट छाप परेको छ। मठ, मन्दिरलाई कलात्मक ढङ्गले निर्माण गरी धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार श्लोक, लेख, चित्रलेखन आदि कार्य ऐतिहासिक कालखण्डबाट नै गर्दै आएको पाइन्छ ।

नेपालको कुनाकाप्चामा छरिएर रहेका देव, देवालय एवं पुराना भवन हाम्रा अमूल्य निधि हुन् । नेपालका प्राचीन मठ, मन्दिर, कला-कौशलको अध्ययन अनुसन्धान गरी यथार्थ जानकारी प्रकाशमा ल्याउनु हामी सबै नेपालीको कर्तव्य हो । इतिहासका कुरालाई वर्तमानमा परिचित गराउन सकिएन भने त्यो लोप भएर जान सक्छ । खोज-अनुसन्धान आदिका कारण कतिपय ऐतिहासिक वस्तुहरू हराएर गएका छन् । तिनका प्रभावहरू नष्ट भएका छन् । त्यसैले राज्यस्तरबाट नै यस्ता कार्यहरूको थालनी गर्न सके भावी पिँढीले सही सूचना प्राप्त गर्दछन् । मुलुकभित्रका विविध मठ, मन्दिर उत्तिकै महत्त्वपूर्ण र ऐतिहासिक भए तापनि अध्ययन समय र स्रोतका अभावले सम्भव नहुने भएकाले यस अध्ययनमा केवल गण्डकी अञ्चल अन्तर्गत स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ६, रामकोश फूलबारीमा अवस्थित 'श्री शिव मन्दिर र मुक्तिनाथ सदावर्त गुठी' को मात्र सामाजिक, धार्मिक एवं ऐतिहासिक पक्षका बारेमा अध्ययन गरिएको छ ।

## १.६. पूर्वकार्यको समीक्षा

मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिर फूलबारीको बारेमा हालसम्म स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता र अध्ययनकर्ताहरूबाट व्यापक अनुसन्धानात्मक अध्ययन भएको पाइँदैन । देव-देवी तथा देवस्थलका बारेमा थुप्रै लेखरचनाहरू रहेको पाइन्छ तापनि यस शिव मन्दिर तथा मुक्तिनाथ सदावर्त गुठीका बारेमा विशेष लेखरचनाहरू प्रकाशित छैनन् । यसमा मूलतः मुक्तिनाथ सदावर्त गुठीको ऐतिहासिकता साथै शिव मन्दिरको वस्तुगत स्थिति, पुजारी र अन्य बुद्धिजीवीहरू, पाका पुराना व्यक्तिका साथै अन्य श्रद्धालु भक्तजनहरूको अन्तर्वार्ताबाट यसको ऐतिहासिकता र विद्यमान स्थितिका बारेमा खोतल्ने प्रयास गरिएको छ। अध्ययनसँग सम्बन्धित विभिन्न ग्रन्थहरू, शोधकार्यहरू र विभिन्न अभिलेखहरूको अध्ययन गर्नाले कुनै पनि अध्ययनलाई अझ बढी वैधता प्रदान गर्दछ । यस अध्ययनको पूर्वकार्यको समीक्षा निम्नानुसार रहेको छ ।

- डा. दिलबहादुर क्षत्री र ज्ञानबहादुर कार्कीद्वारा "स्याङ्जा जिल्लास्थित प्रसिद्ध मठ-मन्दिर र गुठी व्यवस्था: संक्षिप्त अध्ययन" शीर्षकमा तयार गरिएको

अध्ययन प्रतिवेदनमा स्याङ्जा जिल्लाका प्रसिद्ध मठ-मन्दिरहरूको अध्ययन गरिएको छ। त्यस अध्ययनका क्रममा प्रस्तुत अध्ययनमा समेटिएको शिव मन्दिर र मुक्तिनाथ सदावर्त गुठीका बारेमा पनि चर्चा गरिएको छ (क्षत्री र कार्की, २०५४:५०-५२)। यसबाट अध्ययन क्षेत्रस्थित शिव मन्दिर र सदावर्त गुठीका बारेमा सामान्य जानकारी प्राप्त हुन्छ भने समग्र रूपमा स्याङ्जाका महत्त्वपूर्ण मठ-मन्दिर र गुठी व्यवस्थाको बारेमा पनि जानकारी लिन सकिन्छ। स्याङ्जा जिल्लाका मठमन्दिर र गुठी व्यवस्थाका बारेमा जानकारी दिने यो एक महत्त्वपूर्ण स्रोत हो।

- गुप्तबहादुर क्षत्रीद्वारा लिखित "स्याङ्जा जिल्लाका पुरातात्विक महत्त्वका स्थलहरू" मा राधाकृष्ण मन्दिर, शिव मन्दिर, कालिका मन्दिर, सतौंकोट कालिका स्थान, चण्डी स्थान, छाङछाङ्दी आलमदेवीका बारेमा संक्षिप्त अध्ययन गरिएको पाइन्छ। यसले स्याङ्जा जिल्लाको धार्मिक स्थितिलाई केलाउन मद्दत गरेको छ (क्षत्री, २०६२)।
- गोपालधन सुवेदीद्वारा स्याङ्जा जिल्लास्थित गह्रौंकालिका : ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको अध्ययन भएको छ (सुवेदी, २०६०: वर्ष २, अंक २)। यसले पनि स्याङ्जाको धार्मिक गतिविधिका बारेमा बुझ्नका लागि सहयोग पुऱ्याएको छ।
- डा. दिलबहादुर क्षत्रीद्वारा आँधीको सुसेली नामक पत्रिकामा "धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थल सतौं रजस्थल एक अध्ययन" शीर्षकको लेखमा त्यहाँको धार्मिक-सांस्कृतिक गतिविधिका बारेमा प्रकाश पारिएको छ। सतौं रजस्थल, चण्डीदेवी र त्यसको वरपरको क्षेत्र र स्याङ्जामा प्रसिद्ध आलमदेवीको बारेमा यस लेखमा प्रकाश पार्ने जमर्को भएको छ (क्षत्री, २०६०)। आलमदेवी शाह राजवंशको कुलदेवीका रूपमा पनि मानिन्छन्।
- निर्मला ढकालले "स्याङ्जा जिल्लामा रहेका गुठीहरूको एक अध्ययन" मा मुक्तिनाथ जाने यात्रीहरूको हितलाई ध्यानमा राख्ने सदावर्त गुठीको बारेमा छोटो जानकारी दिएको पाइन्छ (ढकाल, २०५९)।

- देवकी रेग्मीको शोधकार्य “गह्रौं राज्यको ऐतिहासिक अध्ययन” बाट गह्रौंकालिका देवीको बारेमा स्याङ्जा जिल्लाको धार्मिक-सामाजिक गतिविधिका बारेमा जानकारी लिन सकिन्छ (रेग्मी, २०६१) ।
- सादुराम थापाको शोधपत्र “ढोरबाराही देवीको ऐतिहासिकता र वातावरणीय प्रभाव एक अध्ययन” (थापा, २०६७: ) बाट तनहूँ जिल्लाको धार्मिक आस्थाका बारेमा मात्र नभई समग्र ईश्वरीय आस्थाका बारेमा जानकारी लिन सकिन्छ ।

यी माथिका लेख रचना तथा अध्ययनहरू विभिन्न व्यक्तिहरूद्वारा तयार गरिएका भए तापनि पुतलीबजार न.पा. वडा नं. ६, रामकोश फूलबारीस्थित श्री शिव मन्दिर र मुक्तिनाथ सदावर्त गुठीका बारेमा विशेष अनुसन्धानात्मक अध्ययन भएका छैनन् । प्रस्तुत अध्ययनमा शिव मन्दिर र मुक्तिनाथ सदावर्त गुठीको बारेमा अनुसन्धानात्मक तवरले अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.७. शोधविधि

प्रस्तुत शोधपत्रमा स्याङ्जा पुतलीबजार-६ स्थित शिव मन्दिर र मुक्तिनाथ सदावर्त गुठीको ऐतिहासिक र वर्तमान अवस्था के कस्तो छ र यसको सामाजिक, धार्मिक तथा सांस्कृतिक प्रभाव के कस्तो छ भन्ने अध्ययन भएकाले यो ऐतिहासिक र विवरणात्मक अध्ययन ढाँचामा तयार गरिएको छ। यस शोध अध्ययनका अन्य विधिहरू निम्न छन् :

### १.७.१. तथ्याङ्क सङ्कलन

शोधकर्ताको प्रत्यक्ष संलग्नताबाट यस अध्ययनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक तथ्याङ्क सङ्कलनका लागि अवलोकन, भेटवार्ता र अन्तर्वार्तालाई आधार बनाइएको छ । यसका साथै द्वितीय स्रोतको पनि यथेष्ठ प्रयोग भएको छ ।

#### १.७.१.१. प्राथमिक स्रोत

प्राथमिक स्रोतअन्तर्गत अवलोकन, अन्तर्वार्ता, अभिलेख तथा दस्तावेज

सङ्कलन, फोटाहरू सङ्कलनजस्ता कार्य गरिएको छ ।

१.७.१.१.१. अवलोकन

अध्ययनका क्रममा शोधार्थीको प्रत्यक्ष संलग्नताबाट यस क्षेत्रको सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक अध्ययन र विषयसँग सम्बन्धित विभिन्न सम्पदाहरूको फोटो सङ्कलन गरी केही फोटाहरू पनि सामेल गरिएको छ ।

१.७.१.१.२. मुख्य सूचनादातासँग अन्तर्वार्ता

अध्ययन क्षेत्रको जानकारी लिने उद्देश्यले यस शिव मन्दिर  मुक्तिनाथ सदावर्त गुठीका बारेमा जानकारी राख्ने विभिन्न व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ। तथ्याङ्क सङ्कलन गर्ने क्रममा ७ जना व्यक्तिसँग अन्तर्वार्ता लिइएको छ। जसबाट यस अध्यनलाई विशेष सहयोग प्राप्त भएको छ। अन्तर्वार्ता लिइएका व्यक्तिहरूमा यस शिव मन्दिरका सञ्चालक समितिका पदाधिकारीहरू र अन्य समाजसेवी, मुक्तिनाथ सदावर्त गुठी र यस मन्दिरका बारेमा जानेबुझेका प्रौढ व्यक्तिहरू तथा यस मन्दिरको वर्तमान पुजारी समेत रहेका छन् ।

१.७.१.१.३. अभिलेख तथा दस्तावेजहरू सङ्कलन

प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलन तथा अवलोकन अध्ययनका क्रममा अध्ययनसँग सम्बन्धित घण्टा, गुठीसँग सम्बन्धित लालमोहर, मालपोत कार्यालय स्याङ्जाबाट प्राप्त गुठीका लालपुर्जाको प्रतिलिपि आदिको सङकलन र प्रयोग गरिएको छ ।

१.७.१.२. द्वितीय स्रोत

यस अध्ययनलाई थप सहयोग पुर्‍याउनका लागि द्वितीय तथ्याङ्क/स्रोत सङ्कलन अन्तर्गत प्रकाशित पुस्तकहरू, शोधपत्र, पत्रपत्रिकाहरू, लेख तथा रचनाहरू र गुठीसँग सम्बन्धित प्रमाणहरू आदिको अध्ययन गरी आवश्यक स्रोत तथा तथ्याङ्क सङ्कलन र प्रयोग गरिएको छ ।

## १.८. अध्याय विभाजन

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ। अध्याय एकमा अध्ययनको परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य तथा महत्त्व, अध्ययनको सीमा, पूर्वकार्यको समीक्षा, अनुसन्धान विधि र अध्याय विभाजन समावेश गरिएको छ ।

अध्याय दुईमा स्याङ्जा जिल्ला तथा पुतलीबजार नगरपालिकाको भौगोलिक परिचय र स्याङ्जा जिल्लामा रहेका धार्मिक एवं ऐतिहासिक स्थलहरूको सामान्य चिनारी रहेको छ ।

अध्याय तीनमा मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको अध्ययन अन्तर्गत यसको आवश्यकता, प्रयोजन, जमिन र व्यवस्थापन, मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको वर्तमान अवस्थाका बारेमा वर्णन गरिएको छ ।

अध्याय चारमा शिव मन्दिरप्रतिको धार्मिक आस्था र जनविश्वास, शिव मन्दिरको सांस्कृतिक प्रभावका बारे अध्ययन गरिएको छ भने अध्याय पाँचमा निष्कर्ष राखिएको छ। यसका साथै सन्दर्भ सामग्री र परिशिष्टहरू पनि यस अध्यायमा समेटिएको छ ।

अध्याय : दुई

# अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति र ऐतिहासिक स्थलहरू

## २.१ स्याङ्जा जिल्ला तथा पुतलीबजार नगर क्षेत्रको परिचय

नेपाल एक प्राकृतिक सुन्दरता एवम् सांस्कृतिक विविधता भएको एक भूपरिवेष्ठित मुलुक हो । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म प्राकृतिक सुन्दरताका दृष्टिले नेपाललाई एक सुन्दर नमूनाको देशको रूपमा चित्रण गरेको छ । अनेकौं प्राकृतिक सौन्दर्य र सांस्कृतिक महत्त्वले भरिएका नेपालका पचहत्तर जिल्लाहरूमध्ये स्याङ्जा जिल्ला पनि एक हो ।

स्याङ्जा जिल्ला विगत तथा वर्तमानमा धार्मिक, सामाजिक तथा ऐतिहासिक सबै दृष्टिले विशेष महत्त्व राख्ने जिल्लाका रूपमा रहँदै आएको छ । सिमानाको हिसाबले यस जिल्लाको पूर्वमा तनहूँ, पश्चिममा गुल्मी तथा पाल्पा, उत्तरमा पर्वत तथा कास्की र दक्षिणमा पाल्पा जिल्ला पर्दछन् । विश्व मानचित्रमा हेर्दा यो जिल्ला ८३[२७' देखि ८४[४६' पूर्वी देशान्तरसम्म र २७[५२' देखि २८[१३' उत्तरी अक्षांशसम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल १, १६४ वर्ग कि.मि. छ । यो जिल्ला समुद्र सतहबाट ३६६ मि. देखि २५१२ मि. सम्मको उचाइमा रहेको छ ( स्याङ्जा जिल्ला एक चिनारी ...२०६३) ।

यस जिल्लाको सदरमुकाम स्याङ्जा बजार ८५[ मि. को उचाइमा रहेको छ । यस जिल्लाको अधिकतम तापक्रम २८[३०' न्यूनतम तापक्रम ९.५०[ औसत वर्षा २६६५ मि.मि. रहेको छ । उचाइको दृष्टिकोणबाट हेर्दा ज्यादै विषमता नदेखिएतापनि यहाँ घटीमा ३६६ मिटर देखि लिएर २,५१५ मिटर सम्मका उच्च भूभाग रहेका छन् । भू-उपयोगको दृष्टिले हेर्दा स्याङ्जा जिल्लामा वनजङ्गलले ढाकेको क्षेत्र १०,२६५ हेक्टर र खेती गरिएको जग्गा ५०४३१ मिटर रहेको छ । यसमा पनि खेततर्फ १७,६६७ मिटर पाखो ३२,७६४ हेक्टर र अन्य १,७३१ हेक्टर रहेको छ । स्याङ्जा जिल्लामा अबल ३,५१० हेक्टर, दोयम ६८१९ हेक्टर, सिम ३१८४६ हेक्टर र चाहार २७,१५१ हेक्टर

रहेको छ। यहाँ खेतीयोग्य जमिन ५०४३१ हेक्टर र वनजङ्गलले ढाकेको ३१६९१ हेक्टर जमिन रहेको छ भने यहाँको भूभागले नेपालको कुल भूभागको ०.७९ प्रतिशत क्षेत्र ओगटेको छ (स्याङ्जा जिल्ला एक चिनारी, २०६३)।

स्याङ्जा जिल्लाका मुख्य नदीनालाहरूमा कालीगण्डकी, आँधीखोला, ज्याग्दी खोला, सेती खोला र दरौं खोला मुख्य छन्। यी नदीहरूबाट कृषिमा सिंचाई गरिएको तथा जलविद्युत् निकालिएको हुनाले जिल्लाका बासिन्दा लाभान्वित भएको देखिन्छ। यो जिल्ला नेपालको मध्यपहाड प्रदेशको झण्डै मध्यभागमा पर्दछ। यस जिल्लाको अधिकांश भूभाग घुमाउरो पर्वत श्रेणी र होचा डाँडाकाडाले भरिएको छ। जिल्लाको उत्तरी सिमाना र उत्तर पश्चिममा रहेका एक दुई अग्ला पर्वतका टाकुरा बाहेक सामान्य अरू सबै पहाडहरू उत्तरबाट दक्षिणमा होचिँदै गएको देखिन्छ। नेपालका अनेकौं पहाड पर्वतलाई छिचोलेर स्याङ्जाबाट विभिन्न किसिमका नदीहरू बहेको देखिन्छ। पहाडका अनेकौं गल्छी भीरपाखाहरूलाई छिचोलेर बनेका साँघुरा खोंच, भीरपाखा, डाँडाका थुम्का तथा फाँटहरूले यहाँको भू-दृश्यलाई रमणीय तुल्याएका छन्। यस जिल्लाको हावापानी विषम किसिमको पाइन्छ। यहाँ उष्ण हावापानी १५ प्रतिशत समशीतोष्ण हावापानी ७० प्रतिशत र शीतोष्ण हावापानी १५ प्रतिशत रहेको छ (स्याङ्जा शैक्षिक ..., २०६७: २)।

प्रशासनिक दृष्टिकोणबाट हेर्दा यस जिल्लालाई ३ संसदीय क्षेत्र, १५ इलाका संख्या, २ वटा नगरपालिकामध्ये पुतलीबजार नगरपालिका १३ वडामा र वालिङ नगरपालिका ११ वडामा विभाजन गरिएको छ भने यसमा ६० वटा गाउँ विकास समितिहरू रहेका छन्। २०५८ सालको जनगणना अनुसार स्याङ्जा जिल्लामा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये ब्राह्मण ३२.८८ प्रतिशत, मगर २१.१९ प्रतिशत, क्षत्री ११.१७ प्रतिशत, गुरुङ ९.९९ प्रतिशत र कामी ६.६७ प्रतिशत रहेका छन्। मातृभाषा बोल्ने नेपाली ७१.११ प्रतिशत, मगर १६.८७ प्रतिशत, गुरुङ ९.१७ प्रतिशत र नेवार १.९५ प्रतिशत रहेका छन् (स्याङ्जा जिल्ला एक चिनारी, २०६३)। हिन्दू धर्म मान्ने मनिसहरू ८६.०७ प्रतिशत, बौद्ध १२.४७ प्रतिशत र इस्लाम ०.५८ प्रतिशत, क्रिश्चियन ०.०७ प्रतिशत रहेका छन् (स्याङ्जा शैक्षिक ..., २०६७:१२ )।

यसैगरी नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल, स्याङ्जा जिल्ला

अन्तर्गत रहेका २ वटा नगरपालिकामध्ये पुतलीबजार नगरपालिका स्याङ्जा जिल्लाको सदरमुकाममा अवस्थित नगरपालिका हो । यो नगरपालिका समुद्र सतहदेखि न्यूनतम ७४९ मिटर (हेलुको भागदेखि अधिकतम १९३१ मिटर (खर्सुको लेकको भाग) सम्म उचाइमा रहेको छ। यसको पूर्वमा बाहाकोट ठूलाडिही र पौवैगौंडे गा.वि.स. क्षेत्र पर्दछन् भने उत्तरमा फेदीखोला, भाटखोला, सेतीदोभान र फापरथुम गा.वि.स.हरू पर्दछन् । त्यस्तै पश्चिममा दरौं, अर्जुनचौपारी र खिलुङ देउराली गा.वि.स. रहेका छन् भने दक्षिणमा दार्सिङ दहथुम, पेल्काचौर र राङभाङ गा.वि.स. हरू पर्दछन् । यस नगरको बीच भाग हुँदै सिद्धार्थ राजमार्ग अवस्थित छ। यो नगरपालिका सदावहार हराभरा देखिने नगरपालिका हो। यो आँधीखोला र यसका सहायक खोलाहरूले जलभण्डारमा धनी बनाएको नगरपालिका पनि हो। यो नगरपालिका व्यावसायिक रूपमा रसिलो सुन्तला, कफी र दुध उत्पादन गर्ने नगरको रूपमा पनि परिचित रहेको छ। यहाँ विभिन्न जातजातिहरूले आफ्नो मौलिक सांस्कृतिक पहिचान कायम गरेका छन् । भौगोलिक तथा प्राकृतिक सम्पदाहरूको मिलन बिन्दुको उपस्थितिले यस नगरमा ग्रामीण तथा रैथाने पर्यटकीय स्थलहरूको प्रचुर सम्भावना पाइन्छ। पुतलीबजार नगरपालिका ८३[४७'३०" देखि ८३[५४'३४" पूर्वी देशान्तर र २८[०३'१८" देखि २८[०८'४४" उत्तरी अक्षांशसम्म फैलिएको छ (पुतलीबजार नगरपालिका..., २०६५:०१) ।

पुतलीबजार नगरपालिकामा बसोबास गर्ने जातिहरूमा ब्राह्मण ३४.९ प्रतिशत, क्षत्री १५.५ प्रतिशत, मगर ८.८ प्रतिशत, गुरुङ ८.१ प्रतिशत, कामी ४.४ प्रतिशत पर्दछन् । यस नगरक्षेत्रभित्र विभिन्न धर्मावलम्बीहरू रहेका छन् । जसमा हिन्दु ९२.९१ प्रतिशत, बौद्ध ४.५७ प्रतिशत, ईस्लाम २.४४ प्रतिशत र क्रिश्चियन ०.०८ प्रतिशत रहेको देखिन्छ। यस नगरपालिका क्षेत्रभित्र साक्षरता प्रतिशत ८२.२७ प्रतिशत रहेको छ जसमा पुरुष ९१.८७ प्रतिशत र महिला ७१.९८ प्रतिशत रहेको देखिन्छ (पु.व.न.पा. को पार्श्वचित्र, २०६५:०५) ।

पुतलीबजार नगरपालिका क्षेत्रभित्र उष्ण र समशीतोष्ण हावापानी पाइन्छ। नगरको ८० प्रतिशत भूभागमा प्रत्येक आश्विन महिनादेखि फाल्गुण महिनासम्म

बिहान ९, १० बजेसम्म हुस्सु तथा कुइरो लाग्दछ। नेपालको सबभन्दा बढी पानी पर्ने क्षेत्र कास्की जिल्ला यस नगरबाट नजिक रहेकाले यस नगरमा जेष्ठ, आषाढ महिनादेखि भाद्र आश्विन महिनासम्म दिनहूँ जसो पानी पर्ने गर्दछ। कूल वर्षामध्ये मनसुन वायु र पश्चिमी वायु, वर्षात् र हिउँदमा गरी क्रमशः करिब ८० प्रतिशत र २० प्रतिशत पानी पर्दछ। नगरमा वार्षिक सरदर वर्षा २८००० मि.मि. देखि ३२००० मि.मि. सम्म हुन्छ (पु.व.न.पा.को पार्श्वचित्र, २०६५:०६)।

## २.२ स्याङ्जा जिल्लामा रहेका धार्मिक एवम् ऐतिहासिक स्थलहरू

नेपालमा असङ्ख्य धार्मिक पीठहरू र मठमन्दिरहरू रहेका छन्। शक्तिपीठ र ज्ञान पीठको साझा फूलबारी नेपाललाई मन्दिरैमन्दिरको देश पनि भनिन्छ। धार्मिक प्रसङ्गहरूमा अत्यन्तै महत्त्वका साथ चिनिने त्यस्ता धेरै देवस्थलहरूलाई हिन्दु धर्मावलम्बीहरूले बडो महत्त्व दिएको पाइन्छ। यसै गरी स्याङ्जा जिल्लामा रहेका मठमन्दिरहरू तथा ऐतिहासिक स्थलहरू यसप्रकार रहेका छन् -

छायाँक्षेत्र (छाङ्छाङदी), गह्रौं कालिका (केवरे), सतौं चण्डीकालिका मन्दिर ( पु.व.न.पा.-८), अन्धाअन्धी दह (चिलाउनेबास), मनकामना मन्दिर (मनकामना पेल्काचौर), डहरे देउराली (आरुचौर), कैलाश गुफा (बहाकोट, पञ्चासे), धाम ( वाङसिङ), आलमदेवी (आलमदेवी), राम्दीघाट (मालुङ्गा), नुवाकोट कालाभैरव ( पौवैगौंडे), सेतीबिनी (पिंडीखोला), गुँडीखोला मन्दिर (पु.व.न.पा.-६), सिरुवारी, बौद्धगुम्बा (पञ्चमुल), सतौं खर्सुलेक (पु.व.न.पा.-८), नुवाकोट राजाको दरबार ( आरुखर्क), कालिकाकोट (कालिकाकोट), केलादीघाट (साँखर), जगत्रदेवी (जगत्रदेवी), खिलङ देउराली (खिलुङ ) आदि रहेका छन् (स्याङ्जा, एक चिनारी २०६३: ०८)।

यसरी विभिन्न धार्मिक तथा ऐतिहासिक स्थलहरूले स्याङ्जा जिल्लालाई एक महत्त्वपूर्ण जिल्लाका रूपमा चिनाएका छन्। स्याङ्जा जिल्लास्थित यी विविध धार्मिक तथा ऐतिहासिक स्थलहरू आ-आफ्नै विशेष महत्व राख्दछन्।

# अध्याय : तीन

# मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको अध्ययन

## ३.१. गुठी व्यवस्था

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक हो। यहाँको समाजमा विविधताभित्र परम्परादेखि नै एकता रहँदै आएको पाइन्छ। यहाँको समाजमा सामाजिक भेदभावको स्थिति रहेको भए तापनि सहिष्णुतावादी समाजका रूपमा नेपाली समाज रहँदै आयो (कार्की, २०६५:९)। यहाँको समाजमा धार्मिक, आस्था पनि व्यापक रूपमा पाइन्छ। मूलतः हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको नेपालमा बाहुल्यता छ। नेपाली समाजमा अस्तित्वमा रहँदै आएका मठमन्दिरहरूप्रति नेपाली समाजको अगाध सम्बन्ध रहनु स्वाभाविकै हो। यिनै मठमन्दिरप्रति आबद्धता रहेको एक संस्थाको नाम हो गुठी। गुठी शब्द 'गोष्ठी' बाट बनेको हो। गुठीको व्यवस्था मिलाउन विभिन्न कार्यहरूको जिम्मा लिएर काम गर्ने सदस्यलाई 'गौष्ठिक' भनिन्थ्यो (पौड्याल, २०४४:१५)। नेपालमा यसको अस्तित्व लिच्छवि कालदेखि नै भएको स्पष्ट हुन्छ। गुठीको मुख्य कार्य समग्र रूपमा हेर्दा मानव हित वा मानव धर्मसँग आबद्ध रहेको देखिन्छ। मानवलाई परेको पिरमर्का टार्नु जस्तैः प्यास लागेकालाई पानीको प्यास मेटाइदिनु, बटुवाको लागि पाटी, पौवा, विश्राम थलो आदि बनाइदिनु, भोकाएकालाई खानाका लागि सिधा दान गर्नु, कुकर्म गर्नेहरूका लागि सुमार्गतर्फ प्रेरित गर्नु, असहाय प्राणीहरूलाई सहायता प्रदान गर्नु नै मानव धर्म हो। यही मानवधर्मको प्रयोजनार्थ गुठी व्यवस्था राखिएको पाइन्छ। यसको अस्तित्व नेपालको प्रमाणिक तथा ऐतिहासिक कालदेखि नै रहेको पाइन्छ। गुठीको सही अर्थ वास्तवमा मानव हित र मानव धर्मसँग आबद्ध रहेको छ (क्षत्री, २०५७: १२४)। नेपालमा धार्मिक गतिविधिहरू लिच्छवि कालदेखि नै व्यापक रूपमा प्रयोगमा आएको देखिन्छ (उपाध्याय, २०५१:४४)।

प्राचीनकालदेखि नै नेपाली समाजमा प्रचलित गुठी वा गोष्ठी शब्दले आधुनिककालसम्म आईपुग्दा समयअनुसार विभिन्न अर्थ-परिभाषा समेटेको पाइन्छ।

लिच्छवि कालमा गोष्ठी वा गौष्ठिक शब्द सामाजिक, धार्मिक, सांस्कृतिक एवम् लौकिक कार्यहरू सम्पन्न गर्न गठित संस्था वा समितिको रूपमा प्रयोग भएको पाइन्छ। इतिहासकार जगदीशचन्द्र रेग्मीले डि.सी. सरकारको भनाईलाई उद्धृत गर्दै लिच्छवि अभिलेखहरूमा गोष्ठी वा गौष्ठिक शब्द सभा वा सभाका सदस्य अर्थात् सामाजिक संस्थाको रूपमा मानिएका छन् भनेका छन् (रेग्मी, २०२६: ३३५)।

लिच्छविकालमा नै मठमन्दिर, स्तुप, चैत्य आदिको स्थापना गरी तिनको नित्य पूजाआजा सञ्चालन गर्न तथा जीर्णोद्धार आदिका लागि जमिन गुठी राखिदिएका उदाहरणहरू प्रशस्त भेटिन्छन्। उदाहरणका लागि लिच्छवि राजा मानदेव प्रथमले चाँगुनारायणको पूजाको निमित्त जमिन गुठी राखिदिएकालाई प्रस्तुत गर्न सकिन्छ ( बज्राचार्य, २०५३: १६)। मध्यकालीन नेपाली समाजले पनि गुठीसम्बन्धी लिच्छविकालकै परम्परालाई अँगालेको पाइन्छ। विभिन्न देवीदेवता स्थापना गरी तिनका लागि मन्दिरहरूको निर्माण गर्ने तथा त्यसको पूजाआजा वा धार्मिक कृत्यका लागि गुठीहरू राख्ने जस्ता क्रियाकलाप यस युगमा पनि भएको पाइन्छ (जोशीः २०३६:७)। नेपाली बृहत् शब्दकोशमा गुठीको अर्थ धार्मिक वा परोपकारी कार्य सञ्चालनका लागि छुट्याइएको जमिन, त्यसैबाट आउने आयस्ताले देव, पितृको पूजाआजा चलाइने र घरजग्गा, सम्पत्ति आदिको रेखदेख गर्ने सामाजिक संस्था भनी लगाइएको छ (पराजुली र अन्य, २०५०:३४३)।

आधुनिककाल गुठी व्यवस्था अध्ययनका दृष्टिले उल्लेखनीय रहेको पाइन्छ। प्राचीनकालदेखि नै परम्परागत रूपले चल्दै आएको गुठी व्यवस्थाले यही कालमा आएर संस्थागत रूपले विकास हुने मौका पायो। अर्थात् लिच्छवि र मल्ल कालसम्म पनि गुठीलाई व्यवस्थित रूपले सञ्चालन गर्ने कुनै निकाय थिएन। यो केवल, सत्य, धर्म, निष्ठा र इमान्दारितामा आधारित थियो। तर यस कालमा आएर लिपिबद्ध ऐन, नियमद्वारा गुठीलाई सुरक्षित र उपयोगी बनाउँदै लैजाने नीति लिएको पाइन्छ। जुन कुरा राम शाहको पालामा गुठी राख्दा अंग पूरा गराई राख्नुपर्छ भन्ने भनाईबाट पुष्टि हुन्छ। जसअनुसार "अघि ब्राह्मणलाई जग्गा दिँदा फलानो डाँडो, फलानो खोला, फलानो रुख, फलानो कान्लोभित्रको जग्गा दियौं" भन्ने मात्र हुन्थ्यो। यति मुरी, यति रोपनी खेत भन्ने ठेगान थिएन। श्री देवता ब्राह्मण विर्ता आदि संकल्प हुँदा श्री ५

महाराजाधिराजको भूमि, यति रोपनी भनी जति बक्सनु भएको संकल्प गर्नु। चौतारीयाको झारी क्या. निमित्त भन्या आफ्ना भाई हुन्। भाई भन्याका मुख्य अंग हुन्" (रेग्मी, २०३६:१५७)। उपयुक्त विधान नपुऱ्याई गुठी दिएमा विर्ताको अस्तित्वविहिन हुन्छ भन्ने दृष्टिकोण त्यसबेला रहेको थाहा हुन्छ।

पृथ्वीनारायण शाहले पनि दोलखामा अघिका गुठी विर्तासम्बन्धी स्थिति बन्दोबस्त गराएका थिए भने वि.सं. १८२४ मा सुमेर गिरीले भमरकोटमा महादेवलाई चढाएको गुठी खेत थामी व्यवस्था बाँध्दा राजाले हरण गरी नखानु, सुमेर गिरीका सन्तानले बेची बिखनी वा अंश नखानु, देवताको पूजा गर्नु, गुठ गर्नु, सदावर्त गर्नु, पूजा गर्नेलाई दिनु, देवल पाटी बिँग्रदा बनाउनु, जो चुन्ला त्यसलाई पञ्च महापाप लाग्ला (टण्डन, २०५२: २७) भनी उल्लेख गरेको पाइन्छ। साथै आम्दानी खर्चको फाँटबारी तयार पनि यसैकालबाट थालनी भएको पाइन्छ।

विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीका आधारमा अध्ययन गर्दा गुठी जग्गा राजा वा जनताका तर्फबाट राखिएको पाइन्छ। तापनि यस कालमा दुनियाँमा बिन्तीअनुसार श्री ५ बाट नै रैतीलाई गुठीको जग्गा प्रदान गर्ने तथा श्री ५ बाट बिर्ता बण्डा भएको जग्गालाई दुनियाँले आफ्नो निजी गुठीका रूपमा राख्न पाउने व्यवस्था समेत भएको पाइन्छ। उदाहरणका लागि वि.सं. १९०९ मा श्री ३ प्राइमिनिष्टरकी जेठी रानी नन्दा कुमारी देवीले आर्य तिर्थमा मुर्दा दाह गर्नको लागि दुनियाँको स्रोत केही नभएकाले मुर्दा दाह गर्न पनि सक्दा रहेनछन्। दाह गर्नको लागि केही गुठी बकस भए हुने थियो भनी श्री ५ मा बिन्ती चढाएको हुँदा सो बमोजिम टोखाको जमिन (खेतबारी, पाखो, बाझो) सबै मिलाई किल्ला कोइला गरी दिनका लागि श्री ५ बाट हुकुम बक्स भएको थियो (थापा र अन्य, २०५४:२५५) भन्ने भनाइहरू पाइन्छ।

यस्तै गरी वि.सं. १९०५ साल मार्ग १४ गते रोज ६ का दिन तलेजुका गुठियारहरूले श्री ३ जंगबहादुर मार्फत् "श्री ५ मा उक्त गुठीको जग्गा कचपच पर्न गयो र त्यसको सट्टा अन्यत्रै बकस भएमा कचपच पर्ने थिएन" भनी बिन्ती गर्दा त्यसको सट्टा गुठीलाई हिटिचोक सेराको खेत साँध सिमाना लगाई दिएको देखिन्छ ( थापा र अन्य, २०५४: २१)। राणाशासन प्रारम्भ भएपछि भने गुठीको काम कारबाहीमा राणा प्रधानमन्त्रीहरू सक्रिय हुन थाले। वि.सं. १९१० को मुलुकी ऐन तथा

सवालहरूमा गुठी सदावर्तहरू देशमा राख्न प्रोत्साहन दिइयो । त्यसरी राखिने गुठीहरू कसैको सन्धि सर्पन नपर्ने, रैकर जग्गाबाट दिन सकिने व्यवस्था हुन थाल्यो । गुठी राखेमा ७ पुस्तासम्म कुलको उद्धार हुन्छ भन्ने भावना पहिले रहेकोमा वि.सं १९१० को मुलुकी ऐनमा भने गुठी कायम रहे त्यसबाट पुण्य हुन्छ र राम्रो फल पाइन्छ भन्ने आशय व्यक्त गरेको पाइन्छ (टण्डन, २०५२:२८) ।

यही परिप्रेक्ष्यमा स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालिका वडा नं. ६ रामकोश, फूलबारीमा दामोदर कुण्ड, मुक्तिनाथ आदि तीर्थमा जाने-आउने साधु, सन्त, महन्त आदिको बसोबास र खानपानको व्यवस्थापनका लागि वि.सं. १८९० मा गुठीको व्यवस्था भएको पाइन्छ । त्यहाँको बगैंचा र धर्मशालामा साधु, सन्त, महन्तहरूलाई खान, बस्नको व्यवस्था त्यहाँका स्थानीय जनमानसले गर्दै आएका थिए । तर यो कुनै स्रोतविना सञ्चालन गर्न सदा असम्भव थियो । तसर्थ यो कुरा स्थानीय नेतृत्वबाट मुख्तियार भीमसेन थापामा अवगत गराइयो । यस सन्दर्भमा मुख्तियार भीमसेन थापाले तत्कालीन राजा राजेन्द्रलाई जाहेर गरे । राजा राजेन्द्रबाट सो कुराको सुनुवाई भयो र गुठीको व्यवस्था गरियो । यो कुरा गुठीको लालमोहरबाट प्रष्ट हुन्छ (गुठी लालमोहर, १८९०) । यसमा पहिला १४० मुरी माटो गुठी राखिएकोमा अहिले आएर खास गुठीका रूपमा करिब २० रोपनी मात्र बाँकी रहेको देखिन्छ ।

शिव मन्दिरमा विवाह, ब्रतबन्ध, पिकनिक आदिबाट उठेको केही रकम त्यसका पुजारी तिलप्रसाद आचार्यलाई नै उपलब्ध गराइँदै आएको हुनाले त्यसबाट पुजारी र उसका परिवारलाई केही हदसम्म आर्थिक टेवा पुगेको देखिन्छ (तिलप्रसाद आचार्य र रुद्रबहादुर थापा, अन्तर्वार्ता) ।

## ३.२ मुक्तिनाथ सदावर्त गुठीको स्थापना

मुक्तिनाथ, दामोदरकुण्ड जाने आउने तीर्थयात्री तथा साधु, सन्त, जोगी, सन्यासी, वैरागी, उदासीलाई सिधा पानीको व्यवस्था गर्ने र बगैंचा फूलबारीको चिताई गर्ने तथा धर्मशालाको काम चलाई हाम्रो जय मनाई निमकको सोझो चिताई काम गर भन्ने कुरा मुक्तिनाथ सदावर्त गुठीको लालमोहरमा उल्लेख गरिएको पाइन्छ । राजा राजेन्द्रबाट गुठी

बक्स भएपछि त्यहाँका स्थानीय मानिसहरूलाई पुतलीबजार नगरपालिका वडा नं. ६ स्थित फूलबारी भन्ने ठाउँमा फूलबारीको संरक्षण तथा सम्बर्द्धन गर्नको लागि गुठी व्यवस्था गरिदिएको र गुठी व्यवस्था अनुरूप त्यस बगैंचा फूलबारी धर्मशालामा सदावर्तको काम चलाउनको निम्ति १४० मुरी धानखेत चर्चेको छाप, त्यसको साँध पूर्व गुँडीखोला, दक्षिण फूलबारी मुनिको तेर्सो बाटो पश्चिम हरिपालाको डाँडो, उत्तर थपनाको रातो माटो यति चार किल्लाभित्रको जग्गा गुठी राखिदिएको वि.सं. १८९० को लालमोहरबाट जानकारी हुन आउँछ (विस्तृत विवरणका लागि १८९० को लालमोहर, परिशिष्ट-ख)। सो लालमोहरमा यस प्रकार उल्लेख भएको पाइन्छ :

> चौपुश्कर शाह[१], दामोदर, श्री मुक्तिनाथ[२] श्री भैरव[३] आगे सुरवीर थापाको पल्लो नुवाकोट अमलमध्ये दामोदर कुन्ड, मुक्तिनाथ जाने रस्तामा तैंले बनाएको बगैंचा र फूलबारी, धर्मशाला सदावर्त यात्रु, साधु सन्त आउन्या जान्याको निम्ति रुषा सुषा आफ्नो गृहस्थ धर्मले हाम्रो जय मनाई पुन्यको काज चलाइएको रहेछ ... केही नरहँदा यसको विस्तार श्री जनरल भीमसेन थापाबाट हाम्रा हजुर जाहेर भयो। त्यस बगैंचा फूलबारी धर्मशाला सदावर्तको काज चलाउनको निम्ति तपशिल बमोजिमको खेत १४० मुरी र रामकोश चप्रासीलाई ४ रूपैयाँ तिरो तिरी तैले षाया चर्च्याको छाप, त्यसको साँध पूर्व १ गुडीखोला, दक्षिण फूलबारी मुनिको तेर्सो बाटो, पश्चिम हरिपालाको डाँडो र उत्तरमा थपनाको रातो माटो, यति चार किल्लाभित्रको.... राखी बक्स्यौं। यसै खेत छापका आम्दानीले दामोदर कुण्ड, मुक्तिनाथ आउन्या, जान्या, सादु, सन्त, जोगी, सन्यासी, वैरागी र उदासीलाई सिधा पानी दिई हाम्रो जय मनाउनु त्यसै छापमा बस्ने घर कुरियालाई झारा, वेठ, बेगार समेत माफ गरी बगैंचा फूलबारी चिताई गर। साधु सन्त धर्मशालामा बस्न आउनेहरूलाई झरुवा पानी बोकेर दिनु भन्या बन्देज बाँधी गुठका मोहर गरी बक्स्यौ। आफ्ना खातिरनामासँग धर्मशालाको काज चलाई हाम्रो जय मनाई निमकको सोझो चिताई राख्ने काम गर।
>
> तपशिल

रामकोश चप्राशीलाई ४ रूपैयाँ तिरी तैले खाए चर्चेको छाप - १

नुवाकोट मामुली खेत सात बीसमध्ये ४० मुरी भैरवको गुठी बाहेक -१

पौवागौंडा खेत - ।४०

बाहर खोला पिपलमा चापटारी - ।१०

ऐ लाटु थापाको विरौटो - ।५

मगरफाँट फूलबारीको आड - ।१५

ऐ भौरी खेत ०२ कटुवा गरी - ।१०

ऐ प्रताप थापा ... कामीको विरौटो - ।५

स्यादीखोला शिवल्या विरौटो खडियाटारी विरौटो फोग लिङ -।५

पाँच सयका बाँधदेखि उधो खोलाको दोभानदेखि उभो पल्टनका कम्पनीका ... अनुमानले आँधीको बाँभ्हो बगर -४०।

इति सम्वत १८९० साल पौष वदी रोज शुभम्

(वि.सं. १८९० को लालमोहरको नक्कल, (परिशिष्ट ख)

(लालमोहर पत्रमा रहेका अक्षरहरू अस्पष्ट छन् यसैले कतिपय शब्दहरू उल्था गर्ने क्रममा फरक परेका हुन सक्छन्)

यसरी रामकोश चप्राशीलाई चार रूपैयाँ तिरो तिर्ने गरी राखिएको जग्गा र नुवाकोटमा भैरवलाई राखिएको ४० मुरी खेतबाहेक अरू जग्गा गुठीको नाममा राखेको पाइन्छ। त्यस्तै अन्य गुठी जग्गामा पौवाखोला, बासकोट खोला, चापटारी लाटु थापा र शसे थापाको विरौटो, मगरफाँट जुन फूलबारीको चार किल्लाभित्रको जग्गा र कटुबा खेतका साथै प्रताप थापा, कामीको विरौटो, स्यादीखोला, शिवल्या विरौटो, खडियाटारी, बाँधदेखि तल गुँडीखोलाको र आँधीखोलाको दोभानस्थल माथि पल्टनका कम्पनीसम्मको भाग रहेको लालमोहरबाट देखिन्छ।

उपर्युक्त गुठी जग्गाबाट प्राप्त भएको आम्दानीले दामोदर कुण्ड मुक्तिनाथ जाने आउने जोगी, सन्यासीलाई विगतमा खानपानको व्यवस्था गर्ने गरेको पाइन्छ। गुठी जग्गामा बस्ने घर, कुरियालाई भ्हारा, बेठ, बेगार समेत माँफ गराई बगैंचा फूलबारी संरक्षण गर्न र साधु सन्त धर्मशालामा बस्न आउनेहरूलाई दाउरा, समिधा पानी बोकेर साधुसन्तहरूलाई सहयोग तथा संरक्षण गर्नको लागि नै गुठी लालमोहर दिइएको तथा

यिनै प्रयोजनका लागि नै मुक्तिनाथ सदावर्त गुठीको स्थापना वि.सं १८९० कार्तिक १४ गते भएको पाइन्छ (गुठीको लालमोहर, १८९०) ।

तत्कालीन अवस्थामा भारतबाट समेत केही तीर्थयात्रीहरू आँधीखोलाको बाटो यही फूलबारी धर्मशाला हुँदै मुक्तिनाथ, दामोदर कुण्ड आउने जाने गर्दथे। यस्ता साधुसन्त, भक्तजनहरू र अन्य मुक्तिनाथ जाने तीर्थयात्रीहरूलाई मुक्तिनाथ सदावर्त गुठीको आम्दानीबाट गास, बासको व्यवस्था गरिएको पाइन्छ। यो गुठीको व्यवस्था हुनुपूर्व धर्मशाला फूलबारीमा सदावर्तको काम चलिरहेको हुनाले गुठीको व्यवस्था पनि भएको भन्ने कुराहरू लालमोहरबाटै जानकारी हुन्छ। अहिले साधु, संन्यासीका लागि उक्त व्यवस्था नभएको भए तापनि धर्मपुण्यको काम गर्नको लागि, फूलबारी पार्क निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटन प्रबर्द्धनका लागि र वातावरणीय कार्यक्रममा समेत टेवा पुऱ्याउने उद्देश्यले त्यहाँस्थित शिव मन्दिर व्यवस्थापन समितिबाट योजनाहरू तय गरिएको छ। यसका लागि स्थानीय जनसमुदाय तथा सरकारी सहयोगको खाँचो देखिन्छ।

## ३.३ मुक्तिनाथ सदावर्त गुठीको प्रयोजन

मुक्तिनाथ सदावर्त गुठीको प्रयोजनको सन्दर्भमा अध्ययन गर्दा भारतीय क्षेत्रबाट समेत आँधीखोलाको बाटो यस फूलबारी क्षेत्र भएर नेपालको मुक्तिनाथ धार्मिक क्षेत्रमा ओहोर-दोहोर गर्ने साधुसन्त महन्त उदासीहरूलाई खाने र बस्ने ठाउँको व्यवस्थापन गर्नको लागि मुख्तियार भीमसेन थापाको पहलमा यो गुठीको व्यवस्था भएको पाइन्छ। वि.सं. १९९३ सालमा सुरवीर थापाका पनाति इन्द्रबहादुरबाट गुठीभित्रको बगैंचा क्षेत्रमा शिव मन्दिरको स्थापना र संरक्षण गर्दै आएको पाइन्छ। तर व्यक्ति विशेषबाट मात्र शिव मन्दिरको संरक्षण तथा सम्बर्द्धन गर्न र मुक्तिनाथ सदावर्त गुठीलाई प्रयोजनमा ल्याउन निकै अप्ठ्यारो भयो। यसलाई उचित रूपले प्रयोजनमा ल्याउन स्व. सोवितबहादुर थापाको अध्यक्षतामा फूलबारी संरक्षण समिति गठन भएको थियो। सो समितिले जिल्ला प्रशासन कार्यालय स्याङ्जामा यस समितिलाई दर्ता समेत गरेको थियो।

दामोदर कुण्डबाट नेपाल आउने साधुसन्त महर्षिलाई खान बस्नको साथसाथै जनही एकएक वटा साफा, गाँजा खाने चिलिम सुर्तीसहित दिनु भन्ने मुक्तिनाथ सदावर्त गुठीसम्बन्धी वि.सं. १९९४ को अर्को दस्तावेज/सनदबाट प्रष्ट हुन्छ (वि.सं. १९९४: को सनद) ।

रामकोश फूलबारीस्थित गुठी फूलबारी बगैँचाभित्र रहेको शिवमन्दिरका नाममा नभई मुक्तिनाथ सदावर्त गुठीको नाममा रहेको पाइन्छ। अर्थात् मुक्तिनाथ एवम् दामोदर कुण्ड आउने जाने बटुवा तीर्थयात्री साधु, सन्त, महन्त, जोगी, फकिर, उदासी आदिलाई बास बस्न खाना खानको लागि सिधा सदावर्त दिन तथा तिर्खाएका बटुवाहरूलाई पानी खाने व्यवस्थालाई निरन्तरता दिनका लागि राखिएको पाइन्छ। यो क्षेत्र मुक्तिनाथ जानेआउने बाटोमा पर्ने भएकाले यसलाई मुक्तिनाथ जाने रस्ताको 'धर्म सदावर्त गुठी' पनि भनिन्छ (स्थलगत भ्रमण अवलोकनबाट प्राप्त जानकारी) ।

यस गुठी सम्बन्धमा वि.सं. १९९४ सालको तत्कालीन श्री ३ जुद्धशमशेरको समयको जि.मु. इन्द्रबहादुर एवम् बमबहादुर थापाको नाममा जारी भएको सनद अर्थात् गुठी लगत पुस्तक प्राप्त छ (क्षत्री र कार्की, २०५४:५१)। उक्त सनदको अध्ययन गर्दा यस गुठी बारेमा पहिलोपटक वि.सं. १८९० सालमा सुरवीर थापाको नाममा जारी भएको तथा उक्त लालमोहरमा दामोदर कुण्ड, मुक्तिनाथ जाने साधुसन्त, महन्त, जोगी सन्यासी, वैरागी, उदासीलाई सिधा दिनु भन्ने मात्र लेखिएको तथा जग्गा १।४०। (एक सय चालिस मुरी) मात्र उल्लेख भएको र पछि १९९४ सालमा लगत खडा गर्दा पूजाआजाको खर्च नभई सदावर्त/सिधा दिने गुठी हुनाले सो पनि रोज यति जना आउने सालको यति खर्च हुने भन्ने नियम नभएकोले गुठीयारले दिएको लगत बमोजिम एक जनालाई दिनको चामल ।१। (एक माना) का दरले दिँदा जम्मा चामल ८।१० (आठ मुरी दश पाथी) खर्च हुने र सोको आधारमा जम्मा १३६० जना हुने तथा १३६० जनालाई नगद रु. ।६ (६ पैसा) का दरले (जोगी फकिरलाई चाहिने गाँजा, तमाखु, सुर्ती समेतलाई) दिने भनी प्रशस्त खेत/पाखो गुठी राखिएको थाहा हुन्छ। उक्त लगतमा खेतपाखोको उठ्ती धान जिन्सी ४१।८।५ (४१ मुरी ८ पाथी ५ माना) र नगद सलामी ८८।७१ (अठासी रु. एकहत्तर पैसा) देखिन्छ।

वि.सं. १९९४ सालको सनद दरबन्दीमा सदावर्त सिधाबाहेक भत्के-बिग्रे

बनाउनुपर्ने लम्बाई १७ हात, गज ११ हातको ढुंगाको गारो, फुसको छानो भएको वरिपरि चौगिर्दा पर्खालभित्र फूलबारी समेत भएको एकतले साधु बस्ने धर्मशाला १, लम्बाई १७ हात गज ११ हातको ढुङ्गाको गारो खरको छाना भएको १ तले पाटी एक भन्ने उल्लेख भएको तर देवालय वा मन्दिरको उल्लेख नभएकोले फूलबारीस्थित हालको शिव मन्दिर पछि धार्मिक आस्थाअनुसार सुरवीर थापाको नाति इन्द्रबहादुर थापाले बनाएको देखिन्छ। साथै उक्त मन्दिर वि.सं. १९९३ सालमा बनेको र त्यसबेलासम्म यस गुठीका मोहीहरूले मुखियालाई १२। (बाह्र) मुरी धान बुझाउने र मुखियामार्फत् सदावर्त गुठीलाई दिने व्यवस्था भएकोमा वि.सं. २०३७ सालपछि सो चलन बन्द भएको जानकारीमा आउँछ (प्रत्यक्ष अवलोकन तथा विभिन्न व्यक्तिहरूसँगको भेटवार्ताबाट प्राप्त जानकारी) ।

हाल गुठीको खेतपाखो सबै गुठी रैतान नम्बरीमा परिणत भइसकेको र फूलबारी परिसर करिब २० रोपनी गुठीको रूपमा रहेको पनि थाहा हुन आउँछ । उक्त गुठी जग्गा रैतान नम्बरी गुठीमा परिणत भएपछि गुठी संस्थानले केही पनि चासो तथा खाँचो नदेखाएको र हाल मुक्तिनाथ रस्ताको धर्म सदावर्त गुठी पनि छैन । बगैँचा क्षेत्रमा विद्यमान करिब २० रोपनीमा रहेको शिव मन्दिरको सञ्चालनार्थ व्यवस्थापन समिति गठन भई यसको संरक्षण कार्यमा लागिपरेको देखिन्छ । उक्त स्थानमा पानीको असुविधा भएकाले लिलबहादुर थापा एवम् मानबहादुर थापाले पानीको व्यवस्थासमेत गरेको पाइन्छ (लिलबहादुर थापा र मानबहादुर थापा, अन्तर्वार्ता) ।

वि.सं. १९९४ को सनदमा खेत १।४० मुरी (एक सय चालीस मुरी) तथा १३४ कुरिया पाखो गुठी रहेको देखिन्छ । तर यो गुठी मठमन्दिरमा नित्य पूजाको प्रयोजनको लागि राखेको नभई मुक्तिनाथ, दामोदर कुण्ड जाने आउने तीर्थ यात्री, साधुसन्त, महन्त आदिलाई बास बस्न तथा खाना खानको लागि राखिएको देखिन्छ । तर अहिले आएर यातायात र सञ्चारको सुविधाको कारण त्यस्ता पाटी, धर्मशाला तथा सदावर्तको खास प्रयोजन नरहेको तथा त्यहाँ धर्मशाला, पाटी पनि व्यवस्थित नभएकाले यात्रुहरू बास बस्ने क्रम पनि टुटेको छ । त्यहाँ शिव मन्दिरका पुजारीका सन्तानहरू मात्र बस्दै आएका छन् । उनीहरूलाई बिहान बेलुका हातमुख जोर्न समेत साह्रै अप्ठ्यारो परेको देखिन्छ । अहिले जोगी, फकिरहरू आउँदा गुँडीखोलाको धनुषेश्वर महादेव तथा

राधाकृष्ण मन्दिरको चम्फा गिरी आश्रममा बस्ने गरेको कुरा त्यहाँका संस्थापक चम्फा गिरीबाट जानकारी हुन्छ (चम्फा गिरी, भेटवार्ता) ।

स्याङ्जा मालपोत कार्यालयको रेकर्डअनुसार यस मुक्तिनाथ सदावर्त गुठीअन्तर्गत साविक गणेशपुर गा.वि.सं. वडा नं. १, २, ३, ४ र ७ मा गरी खेत दोयम, सिम र चाहार गरी जम्मा क्षेत्रफल १४३-१०-३-३ र जम्मा कित्ता संख्या १६५ रहेको देखिन्छ भने पाखो अबल, दोयम, सीम र चाहार गरी कुल क्षेत्रफल १८५२-२-२-० र कित्ता संख्या १३३१ रहेको छ ।

मुक्तिनाथ सदावर्त गुठीअन्तर्गत जम्मा १९९५-१३-१-३ (एकहजार नौसय पन्चानब्बे रोपनी तेह्र आना) एक पैसा तीन दाम) साविक जमिन रहेको देखिन्छ। जुन राजगुठी अन्तर्गत पर्दछ। तर वर्तमानमा स्याङ्जा मालपोत कार्यालयको जग्गा धनीको किसिमअनुसार क्षेत्रफल विवरणमा यस मुक्तिनाथ सदावर्त गुठीको नाममा साविक गणेशपुर गा.वि.स. अन्तर्गत राजगुठी रैतान नम्बरीको कित्ता संख्या ९५० र क्षेत्रफल ११४०-८-०-१ रोपनी जमिन देखिन आउँछ। वर्तमानमा भने सबैजसो गुठी जग्गा मोहीद्वारा गुठी रैतानीमा परिणत भइसकेको देखिन्छ (मालपोत कार्यालय स्याङ्जाको रेकर्डबाट प्राप्त जानकारी) ।

यसप्रकार यस गुठीको ठूलो परिणाममा जमिन भएतापनि सबै रैतान नम्बरीमा परिणत भइसकेको र गुठीको उद्देश्य अनुरूप काम नभएको वा गुठी नै लोप जस्तै भएको अनुभूति हुन्छ। यस गुठीको अवशेषका रूपमा रहेको करिब २० रोपनी क्षेत्रफलमा अवस्थित बगैंचा, धर्मशाला र शिवालय क्षेत्रमा विगत १० वर्षदेखि शिवमन्दिरको पुजारीका रूपमा काम गर्दै आएका तिलप्रसाद आचार्यका अनुसार उनलाई गुठीबाट कुनै सहयोग नभएको र समितिबाट पनि कुनै तलब भत्ता नभएको केवल पिकनिक आउनेहरूबाट उठेको रकम र मन्दिरमा चढाइएको भेटीबाट नित्य पूजा हुँदै आएको जानकारी हुन आउँछ (तिलप्रसाद आचार्य, अन्तर्वार्ता) ।

सामाजिक तथा धार्मिक परोपकारी भावनाबाट प्रेरित भई राखिएका यस्ता गुठीहरूको अस्तित्व नै समाप्त हुनु निश्चय नै समाज र राष्ट्रका लागि हितकर छैन। यस्ता गुठीहरूलाई समाज उपयोगी सार्वजनिक हितका लागि प्रयोग गर्न सकेमा आफ्नो धर्म संस्कृतिको सम्बर्द्धन तथा संरक्षण हुनुका साथै समाज तथा राष्ट्रको उन्नतिमा

योगदान पुग्न सक्ने स्थिति रहन्छ। वि.सं. २०३३ सालमा गुठी संस्थान ऐन लागू भएपछि गुठियारहरूको अधिकार सबै गुठी संस्थानमा सऱ्यो। त्यसभन्दा पछाडि गुठी संस्थानले पनि कुनै काम गरेको पाइँदैन भने समितिबाट पनि कुनै कार्य भएको पाइँदैन। वास्तवमा वि.सं. २०३३ सालबाट नै सदावर्तको अन्त्य भयो (गुठी संस्थान ऐन, २०३३:१९८)। यसै अनुरूप मुक्तिनाथ सदावर्त गुठीको अस्तित्व पनि समाप्त भयो।

## ३.४ मुक्तिनाथ सदावर्त गुठीको जमिन र व्यवस्थापन

मुक्तिनाथ सदावर्त गुठीको स्थापनाकालदेखि गुठीको जमिन १४० मुरी माटो रहेको गुठीको लालमोहरबाट प्रष्ट हुन्छ तर पछिल्लो समयमा यसमाथि अतिक्रमण हुँदै गयो। व्यक्तिहरूको अतिक्रमणबाट यसको क्षेत्र साघुँरिदै गयो भने गुठी जग्गा रैतान नम्बरी गुठीमा परिणत भएपछि यसको प्रायः अस्तित्व नै समाप्त भयो। शिव मन्दिर र बगैँचा रहेको करिब २० रोपनी क्षेत्रफलको गुठी जग्गाको संरक्षण तथा सम्बर्द्धन गर्नको लागि पछिल्लो समयमा स्व. श्री सोवितबहादुर थापाको अध्यक्षतामा फूलबारी संरक्षण समिति गठन भएको पाइन्छ। यस समिति जिल्ला प्रशासन कार्यालय स्याङ्जामा दर्ता समेत भएको थियो। तर पनि समितिबाट गुठीको जमिन र व्यवस्थापनतर्फ विशेष किसिमको उल्लेखनीय कार्य हुन सकेन। यो समितिलाई विघटन गरी वि.सं. २०६३ सालमा अर्को समिति निर्माण भयो, जसको अध्यक्ष श्री लिलबहादुर थापालाई बनाइएको थियो। यस समितिका उपाध्यक्षमा श्री डोलबहादुर थापा, कोषाध्यक्षमा श्री टिपबहादुर थापा, सचिवमा श्री पदमबहादुर थापा, सहसचिवमा श्री मानबहादुर थापा र सदस्यहरूमा डा. चन्द्रबहादुर थापा, श्री टेकबहादुर थापा, श्रीमती लिला थापा र श्री रामबहादुर थापा थिए।

यस समितिले पनि एकमतले काम गर्न सकेको पाइँदैन। यसले चार वर्षको अवधि बिताएको देखिन्छ। वि.सं. २०६७ आषाढमा यो समिति पनि विघटन भयो र नयाँ समितिको गठन भयो। तत्पश्चात् गठन भएको वर्तमान समिति यसप्रकार रहेको छ-

अध्यक्ष - श्री रामबहादुर थापा

उपाध्यक्ष - श्री लिलबहादुर थापा

सचिव - श्री रुद्रबहादुर थापा

कोषाध्यक्ष - श्री टिपबहादुर थापा

सदस्य - श्रीमती लिला थापा

सदस्य - श्रीमती मनोसरा नेपाली

सदस्य - श्रीमती सावित्री भुजेल

सदस्य - श्री डोलबहादुर थापा

सदस्य - श्री गुमबहादुर थापा

सदस्य - श्री शालिकराम शर्मा सुवेदी

सदस्य - श्री मोहनबहादुर थापा (अध्यक्ष, रामबहादुर थापाबाट जानकारी प्राप्त) ।

यो समिति रामकोश फूलबारीस्थित शिव मन्दिरको संरक्षण र त्यहाँको परम्परालाई कायम राख्दै उक्त स्थललाई आकर्षक पर्यटकीय स्थल बनाउने योजनामा लागेको छ (डोलबहादुर थापा, अन्तर्वार्ता) ।

यस समितिले निम्नानुसार निर्णय गरेको देखिन्छ :

- मिति २०६७०३।२५ गतेको निर्णयानुसार यस फूलबारी बगैंचालाई धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गराउन पुतलीबजार नगरपालिकामा गुरुयोजनाका लागि माग गर्ने ।
- २०६७०४।०८ गतेको निर्णयानुसार यस शिव मन्दिरमा नित्य पूजा र पुजारी खान्गीका लागि गुठी संस्थानसँग माग गर्ने ।
- २०६७०५।०४ को निर्णयानुसार यस फूलबारीमा विभिन्न धार्मिक कार्य तथा पिकनिक कार्यक्रम गरे वापत सेवा शुल्क उठाउने ।
- २०६७१२।२४ गतेको निर्णयानुसार गुरुयोजना तयारीका लागि पुतलीबजार नगरपालिकासँग सम्झौता गरी कार्य थालनी गर्ने ।
- २०६८।०१।०१ गतेको निर्णयानुसार यस फूलबारीमा खानेपानी

व्यवस्थापनका लागि उपभोक्ता समिति गठन गरी पुतलीबजार नगरपालिकासँग योजनाको सम्झौता गर्ने ।

- २०६८।०३।२२ गतेको निर्णयानुसार यस फूलबारीमा खानेपानी व्यवस्थापन कार्य सम्पन्न गरी रकम भुक्तानीका लागि पुतलीबजार नगरपालिकामा अनुरोध गर्ने ।
- २०६८।०९।०९ गतेको निर्णयानुसार यस फूलबारीलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न जिल्ला विकास समितिमा रहेको पर्यटकीय समितिमा दर्ताका लागि प्रक्रिया अगाडि बढाउने ।

उपर्युक्त मागहरू मध्ये केही मागहरू कार्यान्वयन भएको र केही कार्यान्वयन नभएको पाइन्छ । मिति २०६७।०३।२५ गते समितिका अध्यक्ष रामबहादुर थापाको अध्यक्षतामा बसेको बैठकले यसलाई पर्यटकीय स्थलको रूपमा विकास गराउने भनी निर्णय गराएकोमा अहिलेसम्म यसको कार्यान्वयन भएको देखिँदैन भने २०६७।०४।०८ मा नित्य पूजा र पुजारीलाई खान्गीको लागि गुठी संस्थानमा माग गर्ने कुरा पनि निर्णयमा मात्र सीमित रहेको देखिन्छ । यसको उल्लेखनीय महत्वपूर्ण कार्य भनेको हरेक वर्ष जनै पूर्णिमा (ऋषितर्पणी) मा जनै मन्त्रण गर्ने कार्य हुँदै आएको छ । त्यहाँका स्थानीय मानिस लगायत साविक गणेशपुर गाविस वडा नं. २, ३, ४ र ६ का मानिसहरूका साथै चण्डीकालिका र फापरथुमका केही मानिसहरूले समेत यस शिव मन्दिरमा जनै मन्त्रण गर्न आएको देखिन्छ (रामबहादुर थापा, भेटवार्ता) । मिति २०६७।०८।०४ मा भएको निर्णयअनुसार पिकनिक आउनेहरूबाट शुल्क उठाउने निर्णय भए अनुसार शुल्क उठाइएको कुरा त्यहाँका पुजारी तिलप्रसाद आचार्यबाट थाहा हुन आउँछ । मिति २०६७।१२।२४ गतेको निर्णयअनुसार गुरुयोजना तयार गर्न पुतलीबजार नगरपालिकासँग सम्झौता गर्ने निर्णय भएअनुसार सम्झौता भएको तर योजनाअनुसारको कार्य भने नभएको देखिन्छ । २०६८।०३।२२ मा खानेपानी व्यवस्थापन कार्य सम्पन्न भएको जानकारी हुन्छ (लिलबहादुर थापा, भेटवार्ता) । यसरी यस क्षेत्रको विकासका लागि समितिले बिस्तार बिस्तार कामहरू अगाडि बढाएको पाइन्छ ।

### ३.५ मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको वर्तमान अवस्था

हिन्दु धर्मशास्त्र अनुरूप अस्तित्वमा रहँदै आएका मठमन्दिरप्रति नेपाली समाजको आस्था र विश्वास रहँदै आएको छ। यिनै कतिपय मठमन्दिरप्रति गुठी संस्थाको पनि आबद्धता रहेको छ। गुठीबाट साधु, सन्त, महन्तहरूलाई सिधा दान गर्ने, गास-बासको व्यवस्था गर्ने तथा मठ-मन्दिरको पूजा व्यवस्थापन गर्ने आदि काम हुने गरेको पाइन्छ। यसको स्थापना ऐतिहासिक कालदेखि नै हुँदै आएको देखिन्छ। मूलतः पोखरा-बागलुङ राजमार्गको निर्माण भएपछि कुश्मा-बागलुङका व्यापारीहरूको आवातजावत पनि हुन छोडेको र यस क्षेत्र हुँदै तीर्थयात्रीहरू पनि मुक्तिनाथ जान छाडेकाले वर्तमान अवस्थामा यस क्षेत्रको चहलपहलमा कमी आएको छ मात्र होइन प्रायः शून्य छ भन्दा अत्युक्ति नहोला। अहिले स्थानीयहरूद्वारा शिव मन्दिरमा पूजाआजा गरिँदै आएको छ। यसरी प्रारम्भमा मुक्तिनाथ सदावर्त गुठीको माध्यमबाट भएको व्यवस्था अन्त्य भएको छ र बगैँचा क्षेत्रमा विद्यमान गुठी जग्गामा शिव मन्दिर सञ्चालित छ। मुक्तिनाथ सदावर्त गुठीको अस्तित्व प्रायः लोप भएको छ

मुक्तिनाथ सदावर्त गुठीसँग सम्बद्ध स्थानीय सरोकारवाला समाजसेवी रुद्रबहादुर थापाले बाँकी गुठीको खासै प्रयोजन नआएको र त्यहाँ त्यसको हेरविचार गर्न तोकिएको व्यक्तिबाट त्यसको कार्यान्वयन नभएको हुँदा मिति २०६३ माघ २१ गते पुनरावेदन अदालत पोखरामा रिट निवेदन दिएकोमा पुनरावेदन अदालतले मिति २०६४ असार १३ गते यसको फैसलामा सम्बन्धित निकायहरूले तोकेको काम, कर्तव्य पालना गर भनी परमादेश जारी भएको बताइन्छ (रुद्रबहादुर थापा, अन्तर्वार्ता)। तर अद्यावधि आदेश अनुसारको काम हुन सकेको छैन र गुठीको जग्गा पनि रैतान नम्बरी गुठीमा परिणत भइसकेको हुनाले त्यो स्थिति पनि छैन।

रामकोश, फूलबारीस्थित शिव मन्दिर क्षेत्र चारैतर्फ बार बन्देज गरी वर्गाकार बगैँचाको बीचमा बनाइएको छ। त्यसको उत्तरतर्फ एउटा पोखरी बनाइएको छ र पश्चिमतर्फ एउटा पाटी पनि छ। त्यहाँ आँपका रुखहरू प्रशस्त भएका र शितल छहारी, आँधीखोलाको सुसेली र सदरमुकामबाट प्रष्ट रूपमा देखिने हुनाले यहाँको दृश्य अत्यन्तै मनमोहक पनि देखिन्छ। प्रकृतिले मनमोहक भए पनि यसको वर्तमान अवस्था

त्यति राम्रो देखिदैन । गुठीको संरक्षण गर्न बनेको समिति पनि त्यति क्रियाशील बनेको देखिँदैन । सुरवीर थापाका सन्ततिहरूले यसको भोगचलन गर्दै आएकोमा पछिल्लो समयमा गुठीको जग्गा आफू-आफूमा राखेको, त्यसैमा पनि भागबण्डामा खिचलो उत्पन्न भएको देखिन्छ। त्यहाँ एउटा पुजारी राखिएको छ। पुजारी तिलप्रसाद आचार्यबाट दैनिक नित्य पूजा गर्दै आएको पाइन्छ। मन्दिरको परिसरभित्र पुजारी बस्ने आश्रमको पनि व्यवस्था छ र आश्रममा पुजारीका परिवार गाईपालन गरी बसेका देखिन्छन्। मन्दिरसँग श्रद्धालु भक्तजनहरूबाट चढाइएका अन्न, पैसा र विवाह, ब्रतबन्ध, पिकनिक आउनेहरूबाट उठाइएको रकम तथा गाईको दूधबाट पुजारीका सन्ततिहरूले दिन गुजारी रहेको देखिन्छ (पुजारी तिलप्रसाद आचार्य र परिवारसँग भेटवार्ता) ।

उपर्युक्त गुठी जग्गा रैकर (रैतान नम्बरी गुठी) मा परिणत भइसकेको र अहिले आएर गुठी जग्गाबाट कुनै पनि कार्य हुन सकेको पाइँदैन भने विभिन्न पर्वहरूमा मन्दिरको परिसरमा पूजा लगाउँदा स्थानीय गाउँलेबासीहरूबाट रकम सङ्कलन गरी पूजाआराधना गर्दै आएको पाइन्छ (रामबहादुर थापा, अन्तर्वार्ता)। ऐतिहासिकरूपमा स्थापित मुक्तिनाथ सदावर्त गुठीको उद्देश्य अनुसारको काम हुन नसकेको भए तापनि शिव मन्दिरको पूजाआजा भने चलाउँदै आएको पाइन्छ ।

## ३.६. शिव मन्दिरको स्थापना

स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालिका वडा नं. ६ रामकोस, फूलबारीस्थित श्री शिव मन्दिर स्याङ्जा बजारको पश्चिममा करिब ४.५ कि.मि. दूरीमा रहेको छ। यस क्षेत्रमा धार्मिक तथा पर्यटकीय स्थलमा गुँडीखोलाको मन्दिर, अग्लोडाँडा देवी मन्दिर, गढीकोट डाँडा, सतौं चण्डीथान, खस्रुको लेख, फूलबारी शिव मन्दिर आदि रहेका छन् ।

यस शिव मन्दिर वरिपरिका बासिन्दाहरूको धर्म, संस्कृति तथा देवताप्रतिको आस्था रहेको त्यस ठाउँमा विशेष पर्वहरूमा भक्तजन आउने गरेको, महिलाहरू उपवास बसी शिव मन्दिरमा आई शिवलिङ्गको पूजा आराधना गरी दूधपानी चढाउने

कार्य वर्षको एकपटक अर्थात् श्रावण सोमबारको दिनमा विशेष रूपमा गर्ने गरेको देखिन्छ (स्थलगत अध्ययनबाट जानकारी)। त्यस बगैंचा फूलबारीमा स्थानीय व्यक्तिहरूबाट एउटा पौवा निर्माण गरिएको र त्यही पौवामा मुक्तिनाथ जाने आउने साधु, सन्त, महन्तहरूलाई एक छाक खान र एक रात बस्नको लागि त्यहाँका स्थानीयवासीहरूबाट व्यवस्था भएको थियो। समय बित्दै गयो, त्यस ठाउँमा साधु, सन्त, महन्तहरू आउने क्रम जारी नै रह्यो। यसरी आउने साधुसन्तलाई बस्न र खान पनि अप्ठ्यारो महसुस भयो र त्यहाँका सरोकारवाला व्यक्तिहरू भेला भई उपाय अवलम्बन गर्नतर्फ लागे। यसै सिलसिलामा मुख्तियार भीमसेन थापासमक्ष विन्ती चढाए। भीमसेन थापाले तत्कालीन राजा राजेन्द्रमा विन्ती चढाए। राजाबाट गुठीको व्यवस्था गरी लालमोहर प्राप्त भएको थियो। शुरवीर थापाका पनाति इन्द्रबहादुर थापाले वि.सं. १९९३ मा शिव मन्दिर स्थापना गरेका थिए। इन्द्रबहादुर थापाले त्यस मन्दिरको स्थापना कालमा आफ्नो नाम जोडी यसको नाम “इन्द्रेश्वर महादेव” राखेका थिए। त्यहाँका जनताहरूले त्यसको विरोध गरेर कुनै पनि व्यक्ति विशेषको नामबाट मन्दिरको नामकरण गर्न नमिल्ने राय प्रकट गरेका थिए। यसरी कुनै व्यक्ति विशेषको नामबाट मन्दिरको नाम राख्न नमिल्ने भएको हुँदा यसको नाम ‘शिवमन्दिर’ मात्र राखिएको थियो (इन्द्रबहादुर थापा, अन्तर्वार्ता)। यसरी यो रामकोश फूलबारीस्थित शिव मन्दिरको आफ्नै महत्त्व रहेको छ।

## ३.७. शिव मन्दिरको बनोट शैली

चराचुरुङ्गी गुँडमा, मौरी घारमा, मानिस घरमा बस्ने व्यवस्था भएजस्तै भगवान् मन्दिरमा बस्छन् भन्ने विश्वास गरिन्छ। घर, मन्दिर आदि निर्माणका क्रममा कलाकारले आफ्नो कलाकारिता देखाई, त्यसलाई राम्रो बनाई सजाउने कार्यलाई वास्तुकला भनिन्छ। व्यक्तिले् आफ्नो भित्री आस्थाका साथ पूजा गर्ने देवताका बासस्थान मानिने मन्दिरहरूमा भक्तिपूजा र प्रदक्षिणा पथका प्रयोजनलाई पूरा गर्ने उद्देश्यबाट मन्दिरमा अनुपम वास्तुकलाका नमूनाहरू राखिएका पाइन्छन्। यस्तो प्रयोजनका लागि विभिन्न शैलीका मन्दिरहरू निर्माण गर्ने गरेको पाइन्छ। जसमध्ये

नेपालमा प्रचलनमा रहेका प्रमुख शैलीहरूमध्ये तले या प्यागोडा शैली र शिखर शैलीका मन्दिरहरू मुख्य पाइन्छन्। तले शैलीमा एकपछि अर्को तह-तह परेका छानाहरू बनाइएका हुन्छन् । तले शैलीको मन्दिरमा छाना अड्याउन विभिन्न तोरण र टुँडालको आवश्यकता रहन्छ। यो शैली विशेष गरेर कोरिया, जापान, चीन, थाइल्याण्ड, बर्मा आदि देशमा प्रयोग भएको पाइन्छ। हिन्दुहरूले पूजाउपासना गर्ने कुलदेवता, गृहदेवता, ग्राम देवता राखेर पूजा गर्ने चलन वैदिक युगदेखि नै भएको हो। त्यसै समयदेखि नै तले शैलीको वास्तुकला पनि शुरुवात भएको मान्न सकिन्छ। रामकोश फुलबारीस्थित शिव मन्दिरलाई विशेष कलात्मक भने बनाइएको छैन ।

शिव मन्दिरको बनोट शैलीको कुरा गर्दा यस मन्दिरको उत्तरमा प्रवेशद्वार छ। प्रवेशद्वारको अगाडि साँढेको मूर्ति राखिएको छ। यस मन्दिरको परिसरमा ढुङ्गा कुँदेर वर्गाकारमा जमिनको सतहबाट ३३ इन्च माथि उठाएर मन्दिर बनाइएको पाइन्छ। यस मन्दिरको स्थापनाकालमा माटो, ढुङ्गा र खरको छानो भएको पाइन्छ भने पछि ढुङ्गा र सिमेन्टको जडान गरी गुम्बज शैलीको मन्दिर बनाइएको छ। मन्दिरको छानो सिमेन्टको ढलान भएको छ र यसमा राखेको गजुर पनि सिमेन्टबाट नै निर्माण गरिएको छ। गजुरको टुप्पोमा पहेँलो इनामेलले रंगाएको छ। यस मन्दिरको प्रवेशद्वारको ठीक अगाडि साँढेको मुर्ति र पाँच वटा घण्टीहरू राखिएका छन्। ती घण्टीहरू एवबहादुर थापा- रामकोश, उज्जवल थापा- झौरीखेत, लिलबहादुर थापा- धारापानी, रिमबहादुर थापा- रामकोश र विष्णुमायाँ खड्का- खैरेनीटारद्वारा चढाइएको बुझिन्छ (स्थलगत भ्रमण अवलोकन)।

यसरी यो शिवमन्दिरमा लामो समयदेखि पूजाआजा सञ्चालन हुँदै आएको र यसप्रति यहाँका स्थानीय जनताको अगाध आस्था रहेको पाइन्छ। नेपालको परिप्रेक्ष्यमा देवदेवीप्रति आस्था राख्नु स्वाभाविकै मानिन्छ किनभने यहाँका विविध जातिका मानिसहरूमा प्रगाढ धार्मिक आस्था छ।

## ३.८. विशेष पूजा तथा नित्य पूजा

नित्य पूजा भन्नाले मन्दिरमा दैनिक रूपमा सञ्चालन हुने पूजा भन्ने बुझिन्छ। नित्य पूजा सञ्चालन गर्न यस शिवमन्दिरको स्थापनाकालदेखि जोगी (संन्यासी) ले गर्दै आएको पाइन्छ। तर यहाँ २०५० सालदेखि भने ब्राह्मण पुजारीहरूले पूजा गर्दै आएका छन्। यस शिव मन्दिरमा नित्य पूजा गर्दा आवश्यक सामग्रीहरूमा जल, केशरी, सिम्रिक, धूप, दीप, नैवेद्य, बोलपत्र, चन्दन, अक्षता, जौ, तिल, धतुरो र बेली पुष्प आदि छन्। यस मन्दिरको परिसरमा पूजा सञ्चालन तथा निर्माण व्यवस्थापन समितिले मन्दिर परिसरमा विभिन्न योजनाहरू तयार गरी कार्य सञ्चालन गर्दै आएको छ। यस मन्दिरमा हरेक वर्षको श्रावण महिनाको पुरै अवधि (बोलबमको महिना वा शिवजीको महिना) र अन्य महिनाको एकादशी र औंसी तिथिमा अक्सर गरेर महिलाहरू उपवास बसी शिवजीको पूजा आराधना गरेको पाइन्छ। यस्तै गरी यहाँ श्रीकृष्ण जन्माष्टमी, हरितालिका (तीज), ऋषि पञ्चमी, महाशिवरात्रि, रामनवमी र बुद्धपूर्णिमाका दिन विशेष रूपमा पूजा आराधना हुन्छ। यस मन्दिरमा बलि चढाउने कार्य हुँदैन। मन्दिरको परिसरमा पुजारी र उसको परिवार बस्ने एउटा सामान्य घर छ। त्यही घरमा बसी पुजारीले शिव मन्दिरमा नित्य पूजा तथा फूलबारीको संरक्षण गर्दछन्। बगैंचा गुठीको आम्दानीबाट पुजारीलाई अफ्नो जीवन निर्वाह गर्न केही सहयोग पुगेको छ।

## ३.९. शिव मन्दिरका पुजारीहरू

यस मन्दिरमा वि.सं. १९९३ देखि हालसम्म विभिन्न पुजारीहरूबाट नित्य पूजा हुँदै आएको पाइन्छ। यस मन्दिरका पुजारीहरू निम्नानुसारको अवधिमा कार्यरत रहेको देखिन्छ-

१) द्वार गिरी - (वि.सं. १९९३-२०००)

२) फूल गिरी - (वि.सं. २०००-२०१०)

३) सत्य पुरी - (वि.सं. २०१०-२०१६)

४) बुद्ध गिरी - (वि.सं. २०१६-२०२९)

५) रामपुरी - (वि.सं. २०२९-२०४९)

६) एकनारायण गौतम - (वि.सं. २०४९-२०५८)

७) तिलप्रसाद आचार्य - (वि.सं. २०५९/१२/२० गतेबाट हालसम्म)

यस मन्दिरमा वि.सं. १९९३ सालदेखि नित्य पूजा हुँदै आएको पाइन्छ। शुरुमा गिरी सन्यासी थरका पुजारी रही नित्य रूपमा पूजा गरेको पाइन्छ। तर गुठी जग्गाको अतिक्रमण गुठियारहरूबाट हुँदै गएको र मन्दिरको आर्थिक स्थिति पनि पछिल्ला दिनमा नाजुक बन्दै गएको पाइन्छ। गुठीका सरोकारवाला व्यक्तिहरूले मन्दिरका पुजारीहरूलाई कुनै रकम नछुट्याएकोले गिरी पुजारीहरू फिरन्ते जीवनबाट आफ्नो चुलोचम्को गरी दिन बिताउन नसकेर मन्दिर छोड्न बाध्य भएको पाइन्छ। यसरी समयको दौरानमा केही वर्ष त्यहाँ बसी पूजाआजा गर्ने र कतैबाट पनि पुजारीहरूलाई आम्दानीका स्रोतहरू नभएको हुँदा उनीहरू त्यहाँबाट अन्य ठाउँमा गएको बुझिन्छ। यही परिप्रेक्ष्यमा गिरी, पुरीहरूले पूजाआजा गर्न छाडेर त्यहाँबाट हिँडेपछि २०४६ सालबाट ब्राह्मण पुजारीहरूबाट पूजा सञ्चालन हुँदै आएको छ (मानबहादुर थापा, अन्तर्वार्ता)।

## ३.१०. निष्कर्ष

प्राचीनकालदेखि परम्परागत रूपमा चल्दै आएको गुठी व्यवस्थाले संस्थागत रूप लिँदै आउने क्रममा मुक्तिनाथ सदावर्त गुठी स्थापना भएको पाइन्छ। जनरल भीमसेन थापाले स्थानीय सरोकारवाला व्यक्तिलाई पौवाको संरक्षण गर्न, फूलबारीको संरक्षण तथा सम्बर्द्धन गर्न र आउने जाने घुमन्ते, फिरन्तेहरूलाई रुखोसुखो एक छाक खान र एक रात बस्ने व्यवस्था गर्नका लागि गुठी दिएको कुरा वि.सं. १८९० को लालमोहरबाट देखिन आउँछ। हाल साधु, सन्त, महन्तहरूको आवागमन नरहेको र त्यहाँ बसोबासको व्यवस्था पनि नभएको हुनाले शिव मन्दिर मात्र रहेको छ। यस मन्दिरमा नियमित पूजाका साथै चाडपर्वहरूमा विशेष धार्मिक कार्यहरू गरिँदै आएको पाइन्छ। यहाँ गुठी तथा शिवको पाठ पूजाका लागि आवश्यक व्यवस्थापन गर्न दुई वर्षे कार्यकाल रहने गरी ११ सदस्यीय व्यवस्थापन समिति बन्दै आएको देखिन्छ।

मुक्तिनाथ सदावर्तको गुठीको अस्तित्व खासै नरहेतापनि शिव भगवान्प्रति आस्था राखी यहाँका मानिसहरूले शिव मन्दिरमा पूजाआजा गर्दै आएका छन् ।

# अध्याय : चार

# सामाजिक, धार्मिक एवं सांस्कृतिक प्रभाव

## ४.१ शिव मन्दिरको सामाजिक प्रभाव

विभिन्न देवीदेवताहरूको आराधना स्थल र ऋषिमुनिहरूको तपोभूमि भनेर विभिन्न धर्मशास्त्रहरूमा उल्लेखित हिमाली राज्य नेपालमा विभिन्न प्रकारका देवताहरूका मन्दिर तथा मूर्तिहरू छन् । धार्मिक प्रसङ्गहरूमा अत्यन्तै महत्त्वका साथ चिनिने यस्ता धेरै शक्तिपीठहरूका कारण नेपाल भूमि एक पवित्र भूमि भनेर हिन्दु धर्मावलम्बीहरूले मान्दै आएका छन् । स्याङ्जा, पुतलीबजार नगरपालिकाअन्तर्गत रामकोस फूलबारीस्थित यस शिव मन्दिरको वरिपरि विविध जातजातिहरूको बसोबास रहँदै आएको पाइन्छ । यस मन्दिरको वरिपरि विभिन्न फलफूलका वृक्षहरू र बगैँचाको क्षेत्रभन्दा बाहिर मौसम अनुसारका खेतीबालीहरू लगाइएको विशाल हरियाली मैदानी फाँट त्यसैमा आँधीखोलाको सुरिलो सुसेलीले गर्दा यस मन्दिरको वातावरण एउटा आकर्षणको केन्द्रबिन्दु बनेको छ ।

स्याङ्जा बजारबाट ओहोर-दोहोर गर्ने व्यापारी-बटुवा, साधु, सन्त, महन्तहरू पैदल यात्रा गरी अहले पनि शिव मन्दिर परिसरमा विश्राम गर्छन् । उनीहरू त्यहाँ आएर विश्राम लिएपछि आफ्नो शारीरिक, मानसिक पीडा बिर्सन्छन् किनकि त्यहाँको मनोरम दृश्यावलोकनका साथै शितल छहारीले गर्दा उनीहरूले आफ्नो पीडा बिर्सेको अनुभूति गर्छन् । यहाँ विशेष गरेर महिलाहरू साउन महिनाभरि नित्य कर्म गरी चोखो खाने तथा सोमबार उपवास बसी मन्दिरको परिसरमा आई शिवजीको पूजा आराधना गरेको पाइन्छ । आफ्नो पतिको आयु बढोस् भन्नाका खातिर यहाँ महिलाहरूले महिनौंसम्म पूजा आराधना गरेको पाइन्छ ।

मानिस आफूलाई आपतविपत्, दुःखकष्ट आइपर्दा भगवान् वा अदृश्य शक्तिको पूजा गर्न थाल्छ । जब परिणाम प्राप्त हुन्छ त्यसलाई नै मानिसले भगवान् वा देवदेवीको कृपाले भएको भनी मनलाई शान्त पारी बस्ने गर्छ । कतिपय मानिसले आफूलाई दुःखकष्ट आपतविपत् परेपछि भाकल गर्ने मनमनै देवता सम्झने गरेको

पाइन्छ । देवताको पूजा आराधना गरेपछि आफ्नो आत्मालाई सन्तुष्ट प्राप्त गरी मानिसले नकारात्मक सोचाई, गलत धारणाहरू त्याग्दै जान्छ । हामीहरूबाट यस्ता नराम्रा कार्य हुँदै गए भने भगवान्ले पनि हामीहरू कसैको रक्षा गर्ने छैनन् भन्ने जनविश्वास रहँदै आएको पाइन्छ । यस्तो भावना जब मनमा उत्पन्न हुन्छ उसले गलत धारणा र कुविचारहरू त्याग्दै जान्छ । यस अवधारणाले समाजमा सम्पूर्ण मानव सभ्य हुन्छन् तब आदर्श समाजको परिकल्पना गर्न सकिन्छ ।

शिव मन्दिरको वरिपरिको समुदायमा हेर्दा त्यहाँ श्रद्धालु भक्तजनहरूको भीड लागेको, मन्दिर परिसरमा आई नित्य पूजा गरेको देख्दा त्यस समुदायका मानिसहरूको मनमा उत्प्रेरणा जागी धर्मप्रति अगाध आस्था भएको महसुस हुन्छ । यस मन्दिरको परिसरमा खासगरी हरितालिका तिजमा महिलाहरू शिवजीको ब्रत उपासना गर्ने तथा तीज पूजा/पञ्चमी पूजा लगाउने, शिवरात्रिको दिन मानिसहरू जम्मा भई पुरोहितलाई आमन्त्रण गरी शिवजीको पूजा आराधना गर्ने, रातभर जाग्राम बसी शिवधुनी लगाई रात काट्ने गरेको पाइन्छ । यसले गर्दा मानिसहरूमा भगवान् शिवप्रति आस्था र जनविश्वास रहेको पाइन्छ । प्राणी जगतमा मानिस नै एउटा संवेदनशील प्राणी हो । यस मानव संसारमा विभिन्न स्वभाव र प्रकृतिका मानिसहरू रहेका छन् । यिनीहरूको स्वभावमा फरकपन हुनु नै वंशानुगत गुण र वातावरणीय प्रभावले गर्दा नै मानवमा फरकपन आएको पाइन्छ ।

## ४.२ धार्मिक आस्था र जनविश्वास

शिव मन्दिरप्रति ठूलो धार्मिक मान्यता रहेको पाइन्छ । मानव मात्र एक सच्चा प्राणी हो, जसले आफूलाई दुःखकष्ट पर्दा भगवान् अर्थात् परमेश्वरको पूजा उपसाना गर्न थाल्छ तब देवताको कृपाले यस्तो हुन गएको हो भनी ठान्दछ । मानिसलाई जब आपत्विपत् आई लाग्छ, तब उसको मनमा अनेकौं तर्कनाहरू खेल्दै जान्छ र मनमनै देवता पुकार्न पुग्छ । जुन व्यक्ति धर्मप्रति आस्था भाव प्रकट गर्दछ, उसले भगवान्प्रति आस्था भाव देखाउँछ र मनमनै भाकल गर्दछ । भाकलको प्रभावले उसको मनोकांक्षा पूरा भएको जन विश्वास रहँदै आएको छ । यसरी मानिसहरूमा जुन विश्वास बढ्दै

जान्छ त्यसरी नै भगवान्को महत्त्व बढ्नु भनेको नै धार्मिक महत्त्वमा वृद्धि हुनु हो ।

विभिन्न पर्वहरूमा शिवजीको पूजा आराधना गरेपछि आफ्नो मनोकामना पूरा हुने भएको हुँदा अक्सर गरेर महिलाहरूमा पुरुषहरूका भन्दा बढी धार्मिक आस्था र विश्वास पाइन्छ। महिलाहरूले धार्मिक क्रियाकलाप बढी गर्ने र धर्मका नाममा ब्रत बसी पूजा गरेको र अक्सर गरेर हप्ताको बुधबार बाहेक अरू दिनमा विभिन्न धर्मका नाममा ब्रत बसी पूजा आराधना गरेको र ब्रतको प्रभावबाट आफ्नो कार्य सिद्ध भएको जनविश्वास रहँदै आएको पाइन्छ। पौराणिक कालमा अस्तित्वमा रहँदै आएका पुरातात्विक वस्तु, मठमन्दिर, गुम्बा, चर्च, सबै ठाउँमा धर्मको नामबाट स्थापित विभिन्न श्रद्धालु भक्तजनहरूबाट विभिन्न घण्टहरू प्रदान गरेको कुरा पहिल्यै चर्चा भइसकेको छ ।

शिव मन्दिरको यत्रो विशाल फूलबारी त्यसैमा पनि सदरमुकामबाट निकट रहेको हुनाले यसको जीर्णोद्धार गर्नुपर्ने पहिलो आवश्यकता रहेको छ। सँगसँगै यस भेगका मानिसहरूको चाहना बुझी मन्दिरको भौतिक तथा आर्थिक पक्षको व्यवस्थापन गर्नुपर्ने देखिन्छ (स्थलगत अध्ययन, अवलोकन)। यो पर्यटकीयस्थलका रूपमा विकास गर्न सकिने स्थल रहेको छ ।

## ४.३ सांस्कृतिक सम्पदाको संरक्षण र प्रभाव

नेपालका मौलिक परम्परा एवम् मौलिक विशेषताहरू पूर्वजहरूले आर्जेका कलाकृतिहरू नेपालका सांस्कृतिक सम्पदाहरू हुन्। पुरातात्विक स्थल, विभिन्न स्मारकहरू, विभिन्न वस्तुका अवशेषहरू आदिलाई सांस्कृतिक सम्पदाका रूपमा लिइन्छ। यस्ता सांस्कृतिक सम्पदाहरू नेपाललाई चिनाउने माध्यमका रूपमा रहेका छन्। सांस्कृतिक सम्पदाहरूले विश्वसामु नेपालको पहिचान गराउनको लागि महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको पाइन्छ। सांस्कृतिक सम्पदाहरू तथा ऐतिहासिक सम्पदाहरूको ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्व रहनुका साथै यिनीहरूले नेपालको गौरवलाई अझ बढाएको पाइन्छ। हाल आएर यस्ता सम्पदाहरूको आर्थिक एवम् पर्यटकीय महत्त्व पनि उत्तिकै रहेको देखिन्छ। नेपाल एक बहुजातीय, बहुभाषिक

मुलुक रहेतापनि एक राष्ट्रिय संस्कृतिको निर्माण गर्नु र धार्मिक सहिष्णुता कायम गर्नु नै नेपाली संस्कृतिको मूल विशेषताको रूपमा रहेको छ ।

नेपालमा प्राचीन मन्दिर, ऐतिहासिक दरबार, मूर्ति, चैत्य, गुम्बा हस्तलिखित ग्रन्थ, पुरातात्विक स्थलहरू, स्मारकहरू, लेखरचनाहरू, ठयास्फू तथा कुनै ऐतिहासिक महत्त्वका वस्तुहरूको अन्वेषण, संरक्षण तथा जीर्णोद्धार गर्न अति आवश्यक छ । यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नको लागि विभिन्न निकायहरूलाई संरक्षणको जिम्मेवारी छ भनेर मात्र सम्पदाहरूको संरक्षण हुन सक्दैन । तसर्थ सम्पदाहरूको संरक्षण सम्पूर्ण नेपालीहरूको कर्तव्यभित्र पर्न आउँछ। सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका लागि नीतिगत रूपमा विभिन्न ऐनहरू बनेका छन् र तिनीहरूको कार्यान्वयन गर्ने निकायहरू रहेका छन् । प्राचीन स्मारक ऐन २०१३ लागू भएपछि सांस्कृतिक सम्पदाहरू संरक्षण गर्ने महत्त्वपूर्ण भूमिका पुरातत्व विभागको देखिन्छ । सम्पदाहरूसँग सम्बन्ध राख्ने अन्य निकायहरू र उनीहरूको भूमिका पनि महत्त्वपूर्ण हुन आउँछ । गुठी संस्थान स्थानीय निकायहरू र विभिन्न संघसंस्थाहरूको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ । नेपालका सांस्कृतिक सम्पदाहरूलाई विश्व समुदायको परिदृश्य हेर्नका लागि युनेस्कोले पनि सम्पदा संरक्षण हुनुपर्नेमा नेपाललाई घचघच्याइरहेको पाइन्छ । यद्यपि सांस्कृतिक सम्पदाहरू संरक्षण हुनका लागि विद्यमान चुनौती एवम् समस्याहरू पनि पर्याप्त छन् ।

जुन-जुन निकायहरूबाट नेपालका सांस्कृतिक सम्पदाहरू संरक्षण गर्ने भनिएको भए तापनि त्यसमा पर्याप्तता चाहिँ छैन । प्रभावकारी ढङ्गबाट नेपालका सम्पदाहरूलाई कानुनी एवम् संस्थागत रूपमा व्यवस्थित गरिएको छैन। नेपालका अनगिन्ती सांस्कृतिक सम्पदाहरू लोपोन्मुख अवस्थामा छन् । विभिन्न स्थानहरूमा भएका सम्पदाहरूको विवरण तथा अभिलेखसम्म राख्न नसकिएको अवस्था छ । सांस्कृतिक सम्पदाहरू संरक्षण गर्नको लागि बनेका ऐन नियमहरू पनि प्रभावकारी ढंगबाट कार्यान्वयन हुन नसकेको अवस्था छ । सांस्कृतिक सम्पदाहरूको संरक्षण कार्यमा राजनीतिक प्रतिबद्धताको अभाव पनि मुख्य समस्या देखिन्छ । जनचेतनाको अभावले गर्दा पनि सांस्कृतिक सम्पदाहरूको ह्रास आएको पूर्वजहरूले निर्माण गरेका विभिन्न धार्मिक धरोहरका स्थलहरू सँगसँगै सम्बन्धित परम्परागत गुठीहरू र निकायहरू

भएतापनि तिनीहरूलाई व्यवस्थापन र चेतनाको अभावले उनीहरूको जिम्मेवारी घटिरहेको अवस्था छ ।

प्राकृतिक विनाशले पनि बेला-बेलामा सम्पदाहरू नष्ट भएका घटनाहरू पाइन्छन् । भूकम्पले पुऱ्याएको क्षति, आगलागी, हुरीबतासबाट ठूला-ठूला रुखहरू ढल्नु, काठबाट उत्पादित वस्तुहरू धमिराले खानु, विभिन्न किटपतङ्गबाट क्षति पुऱ्याउनु, चिस्यानबाट क्षति पुग्नु, पुराना भएर जीर्ण हुनु, स्मारकहरूमा रुख विरुवा, झारपात उम्रिएर पुऱ्याउने क्षति आदि गम्भीर समस्याको रूपमा देखापरेका छन् । यसर्थ सांस्कृतिक सम्पदाहरूको सही रूपले अध्ययन र विश्लेषण गरी यिनीहरूको संरक्षण हुनु आजको आवश्यकता हो । सांस्कृतिक सम्पदाहरूमा विभिन्न विधाहरूलाई पहिचान गरी सही रूपमा जीर्णोद्धार, पुनःनिर्माण, सूची तयार, लागत संकलन गर्नु सम्बन्धित निकायहरू र आम नेपालीहरूको कर्तव्य हो । प्रभावकारी ढंगबाट सांस्कृतिक सम्पदाको संरक्षण गर्नका लागि राष्ट्रिय नीति तयार गरी सोही अनुरूप कार्ययोजना तयार गर्नु आजको प्रमुख आवश्यकता देखिन्छ ।

प्रस्तुत "शिव मन्दिर" पनि सांस्कृतिक सम्पदाहरूमध्ये एक महत्त्वपूर्ण रूपमा पर्न आउँछ । सांस्कृतिक रूपमा महत्त्वपूर्ण यस स्थलको सही रूपमा अध्ययन र विश्लेषणका साथसाथै मन्दिर तथा पाटीहरूको उचित रूपमा संरक्षण हुनु आवश्यक छ । यही हाम्रा ऐतिहासिक धरोहर हुन् । यहाँको समाज र शिवमन्दिर एक सिक्का दुई पाटा जस्तै भएको हुनाले सिंगो स्थानीय समाज नै यस सम्पदाको संरक्षणमा लाग्नुपर्ने आवश्यकता देखिन्छ ।

## ४.४ निष्कर्ष

नेपाल एक बहुजातीय, बहुभाषिक तथा विभिन्न धर्मावलम्बी मानिसहरू रहेको मुलुक भएतापनि आफ्नो संस्कृतिको निर्माण गर्नु, धार्मिक सहिष्णुता कायम राख्दै आफ्नो संस्कृतिलाई बचाउनु नै नेपाली संस्कृतिको मूल विशेषता हो । यही विशेषता अनुरूप नेपाली समाज विश्वमा एक सहिष्णुतावादी समाजका रूपमा चिनिन्छ । नेपाली संस्कृति विदेशीहरूका लागि रुचिको विषय बनी अध्ययनको विषयवस्तु बन्न पुगेको छ । किनभने यहाँ एक सयभन्दा बढी जातजातिहरू रहेका छन् र तिनीहरू

सबैको आ-आफ्नै संस्कृति छ । देवीदेवताहरूप्रतिको प्रगाढ आस्था नेपाली संस्कृतिको एक अभिन्न अंगका रूपमा रहेको छ । यसै परिप्रेक्ष्यमा रामकोश फूलबारीस्थित शिव मन्दिरको संरक्षण तथा सम्बर्द्धन गरी धार्मिक, सामाजिक, सांस्कृतिक एवं पर्यटकीय स्थलको रूपमा विकास गरी पर्यटन प्रवर्द्धनद्वारा यहाँको विकास गर्न सके यस क्षेत्रकै विकासमा सहयोग पुग्ने देखिन्छ ।

# अध्याय : पाँच

# निष्कर्ष

## ५.१ निष्कर्ष

नेपाल विश्वमा एक अति प्राचीन तथा धर्मप्रति उदारभाव राख्ने वा धार्मिक द्वन्द्व नभएको देशका रूपमा चिनिन्छ। यो देश संसारमै अनेकौं देवीदेवताहरूको बासस्थल भएको तथा मन्दिरै मन्दिरको देशका रूपमा पनि चिनिदै आएको पाइन्छ। यहाँका बासिन्दाहरूमा आस्तिक भावना र परलोकप्रति आस्था रही आएको छ। नेपाली समाज युगौंदेखि नै "प्रत्येक घर प्रत्येक मन्दिर" को संज्ञाले प्रख्यात छ। यसरी यस लोक एवं परलोकप्रति दृढ आस्था र मानव कल्याणकारी भावनाले ओतप्रोत समाज यहाँ रहेको छ। राष्ट्रमा विविध धर्म, संस्कृति र संस्कारका प्रतीकस्वरूप मठ, मन्दिर, गुम्बा, विहार, चैत्य, स्तुप आदि परापूर्वकालदेखि नै निर्माण गरिँदै आएका पर्याप्त प्रमाणका रूपमा लामो इतिहास बोकेका मठ, मन्दिर, गुम्बा, चैत्य, विहार आदिको स्पष्ट अस्तित्व यहाँ हुनुलाई लिन सकिन्छ। मठ, मन्दिर निर्माण गरी अदृश्य शक्तिको पूजाका रूपमा मूर्ति पूजा मात्र नभई मानवीय कल्याणकारी भावनाका स्पष्ट प्रतीकका रूपमा युगौंदेखि नै विविध बाटोघाटो, पाटीपौवा, चौतारीहरू बनाउँदै आएका समेत यथेष्ट र स्पष्ट प्रमाणहरू हामीहरूको सामुमा रहेका छन्। यस राष्ट्रले प्राचीनकालदेखि नै धार्मिक सहिष्णुताको नीतिलाई अङ्गीकार गरेको छ। जसले गर्दा यहाँ विभिन्न धर्महरूले फस्टाउने मौका प्राप्त गरेका छन्। यही धार्मिक सहिष्णुताका कारणले नै नेपाली समाज मिश्रित संस्कृतियुक्त बनेको छ। किनकि हिन्दू धर्मावलम्बीहरूले बौद्ध धर्मका प्रतीकका रूपमा रहेका बौद्ध गुम्बा एवं विहारहरूमा गई बुद्धको पूजा-अर्चना गर्ने र बुद्धप्रति श्रद्धा व्यक्त गर्ने गरेका हुन्छन् भने बौद्धमार्गीहरूले पनि हिन्दू धर्मका देवीदेवताहरूका प्रतीकका रूपमा रहेका मठ, मन्दिरहरूमा गई देवीदेवताहरूको पूजा आराधना गरेको पाइन्छ। जसले गर्दा नेपालीहरूमा धार्मिक सहिष्णुता एवं सहअस्तित्वको भावनाको विकास हुन पुगेको पाइन्छ। त्यस्तै अन्य

धर्मावलम्बीहरू जस्तो मश्लिम, क्रिश्चियन आदिप्रति पनि नेपालीहरू उदार देखिन्छन् ।

नेपाल एक बहुभाषिक तथा बहुधार्मिक देश भए तापनि अनेकतामा एकताको गाँठो कसिलो रहेको कुरा नकार्न सकिँदैन । यस मुलुकका विभिन्न स्थानमा छरिएका असंख्य पाटीपौवा, देव, सत्तल, मठमन्दिर, विहार, गुम्बा, चैत्य, नदी किनार तथा तीर्थस्थलहरू यस देशका संस्कार एवं संस्कृतिका अमूल्य निधि भएका हुनाले यिनीहरूको निरन्तर सञ्चालन र संरक्षण गर्नुपर्दछ। यसको साथै यिनीहरूको सञ्चालन र संरक्षणको निम्ति व्यवस्था गरिएको गुठी व्यवस्थाको हिनामिना हुन नदिई तिनीहरूको उचित प्रयोग र सदुपयोग हुन सकेमा नै ती अमूल्य निधिहरूको निरन्तर सञ्चालन एवं संरक्षण हुन पुग्छ। त्यसैले गुठी जग्गाहरूको उचित प्रयोगले यिनीहरूको विकास र विस्तार अनुकूल हुन्छ। यदि यिनीहरूको दुरूपयोग भएमा विकासमा व्यवधान खडा भई विनाशतिर लगिन्छ। साँच्चीकै भन्ने हो भने एकातिर दिनप्रतिदिन धार्मिक सम्पदाहरूको संख्यात्मक रूपमा वृद्धि भइरहेको छ भने यिनीहरूको संरक्षण र सञ्चालनमा विभिन्न प्रकारका कठिनाइ एवं बाधा-व्यवधानहरू खडा भइरहेको पनि पाइन्छ। जे जस्तो भए तापनि सांस्कृतिक एवं ऐतिहासिक धरोहरको रूपमा रहेका यिनै धार्मिक सम्पदाहरूको उचित सदुपयोग, निरन्तर संरक्षण र विकासबाट हाम्रो संस्कृतिको पनि उत्थान हुन सक्छ ।

त्यस्तै गरी स्याङ्जा जिल्ला अन्तर्गत पुतलीबजार नगरपालिकामा रहेका मठमन्दिर, गुम्बा, विहार, चैत्य, मस्जिद आदिका आफ्नै किसिमका धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक विशेषता र पहिचानहरू रही आएका छन् । ती विशेषताहरूको रूपमा रहेका यस क्षेत्रमा प्राचीनकालदेखि अस्तित्वमा आएका मठमन्दिर, पाटीपौवा जस्ता धार्मिक धरोहरहरूलाई लिन सकिन्छ । यसै सिलसिलामा पुतलीबजार नगरपालिका वडा नं. ६ स्थित श्री धनुषेश्वर महादेव मन्दिर गुँडीखोला, सतौं चण्डी कालिका मन्दिर, शिव मन्दिर लामागे तथा पुतलीबजार वडा नं. ६ रामकोश फूलबारीको शिव मन्दिरलाई लिन सकिन्छ ।

अर्कातिर यहाँको महत्वपूर्ण पक्ष सदावर्त गुठी हो । स्थानीय व्यक्तिहरूले हाल पुतलीबजार नगरपालिका वडा नं. ६ स्थित फूलबारीमा धर्मशाला निर्माण गरी मुक्तिनाथ, दामोदरकुण्ड जाने तीर्थयात्रीहरू तथा साधु, सन्त, महात्माहरूलाई वि.सं.

१८९० साल पूर्व खानपान तथा बसोबासको व्यवस्था गर्दै आएकोमा त्यसको सञ्चालन गर्न कठिनाइ भएको र उचित व्यवस्थापन गर्नुपर्ने आवश्यकता भएको महसुस गरी स्थानीय व्यक्तिहरूले तत्कालीन जनरल भीमसेन थापासमक्ष जाहेर गरेकामा उनले तत्कालीन राजा राजेन्द्रलाई जाहेर गर्दा राजा राजेन्द्रबाट मुक्तिनाथ, दामोदर कुण्ड जाने तीर्थ यात्रीहरू तथा साधु, सन्त, महन्तहरूलाई खानपान र बसोबास व्यवस्थापनका लागि विभिन्न क्षेत्रमा १४० मुरी माटो गुठीको व्यवस्था गरिदिएको लालमोहरबाट ज्ञान हुन्छ। सोही अनुसारको व्यवस्थापन हुँदै आएकोमा हाल गुठीको जमिन गुठीकै नियमानुसार गुठियारहरूले नै दर्ता गरी आ-आफै भोगचलन गर्ने गरेका छन् भने धर्मशाला पनि भत्किएर गएको छ। हिजोका दिनमा होटल तथा लज आदिको व्यवस्था नभएको अवस्थामा यात्रीहरू (तीर्थयात्री) का लागि गरिएको यस्तो व्यवस्था सराहनीय पक्ष थियो तर आज समयले त्यसको आवश्यकता ठानेको छैन भने अर्कातिर मुक्तिनाथ सदावर्त गुठीको अस्तित्व पनि लोप भइसकेको छ।

यस्तै रामकोस, फूलबारीस्थित शिव मन्दिर धार्मिक एवं ऐतिहासिक सम्पदाको रूपमा स्थापित भई आएको छ। यो धार्मिक सम्पदा गुठी जमिनभित्र रहेको छ। यस मन्दिरलाई संरक्षण तथा सम्बर्द्धन गर्न पूजाआजाको व्यवस्था गर्न व्यवस्थापन समिति रहेको पनि पाइन्छ। यस मन्दिरको परिसरमा विभिन्न पर्वहरूमा भक्तजनहरूले पूजा-आराधना गर्ने गरेको पाइन्छ। जस्तै श्रावण महिनाको प्रत्येक सोमबा यहाँ आई महिलाहरू धुप, दीप, नैवेद्य भेटी चढाएर मन्दिरमा सूर्यतिर फर्की जल पञ्चामृत चढाएर आफ्नो मनोकामना सिद्ध गर्ने अठोटका साथ त्यहाँबाट बिदा भएको पाइन्छ त्यस्तै शिवरात्री आदिमा पनि।

यसरी धार्मिक आस्था बोकेर यहाँका जनमानसको आस्थालाई आफूभित्र समाहित गर्न सफल रहनु शिव मन्दिरको सराहनीय पक्ष मान्नुपर्दछ। यसले आन्तरिक तथा बाह्य धर्मावलम्बीहलाई आध्यात्मिकतातिर डोऱ्याइरहेको छ, जसले मानिसहरूमा धर्म-संस्कृति तथा परम्परागत सोचलाई आफ्नो स्थानबाट टेवा पुऱ्याइरहेको देखिन्छ।

वातावरणीय रूपमा यस क्षेत्रको अर्थात् शिव मन्दिर क्षेत्रको विशेष महत्व रहेको छ। त्यसको परिसरभित्र रहेको बगैंचा फूलबारी साँच्चै नै प्रदूषणमुक्त क्षेत्रजस्तै छ। यहाँ संस्कृति र परम्पराको नाममा हुने खराब आचरण तथा व्यवहारतर्फ चनाखो

हुँदै व्यवस्थापन समिति तथा अन्य सम्बन्धित निकायहरू अगाडि बढेको देखिन्छ । तर पनि यो पूर्ण चाहिँ छैन । बदलिँदो समय र परिस्थितिअनुसार विकास गर्न सके सुनमा सुगन्ध हुने कुरालाई नकार्न सकिँदैन । मन्दिर व्यवस्थापन समिति, गुठियार तथा स्थानीय जनता एवं भक्तजनहरू सबैले आफ्नो व्यक्तिगत तथा समूहगत हितलाई त्यागेर मन्दिरको समग्र विकासमा जोड दिनुपर्दछ । साथै यसको संरक्षण र सम्बर्द्धनका लागि सम्बन्धित निकायले यसलाई प्राथमिकताका साथ हेर्नुपर्दछ । यस्तै एक धार्मिक स्थलको रूपमा विगतदेखि वर्तमानसम्म परिचित यस मन्दिरमा नियमित रूपमा पूजा-आराधना व्यवस्थित गर्न र यसको प्रचार-प्रसारमा जोड दिने काममा समेत यहाँका स्थानीय जनसमुदायको सक्रिय प्रयास आवश्यक देखिन्छ ।

अन्त्यमा यस पुतलीबजार नगरपालिका वडा नं. ६ स्याङ्जामा अवस्थित शिव मन्दिर क्षेत्रको समग्र विकासको मूल आधारस्तम्भको रूपमा रहेका यहाँका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदा एवं लोकसंस्कृति र लोकपरम्पराको संरक्षण, सम्बर्द्धन र समुचित प्रयोग हुन सकेमा विकासको अवधारणाले मूर्त रूप लिन सक्ने निश्चित छ । यस फूलबारी क्षेत्रलाई तारबार लगाई उन्नत जातका रुखहरूलाई संरक्षण गरी रुखका फलहरूको उचित व्यवस्थापन गर्ने र त्यसलाई एउटा 'पिकनिक स्पोट' बनाई सिद्धार्थ राजमार्गबाट फूलबारी क्षेत्रसम्म मोटरबाटाको विस्तार गरेको खण्डमा यो ऐतिहासिक स्थलको महत्व स्थापित भइरहने छ ।

## शोधसार

प्रस्तुत अध्ययनको शोधसार निम्नानुसार रहेको छ ।

१. धार्मिक भावना तथा पुण्य लाभको कामनाका साथ रामकोश, फूलबारी (स्याङ्जा) मा स्थानीय व्यक्तिहरूबाट धर्मशाला निर्माण गरी साधु सन्त, महात्मा, जोगी, फकीर तथा मुक्तिनाथ, दामोदरकुण्ड जाने तीर्थयात्रीका लागि भोजन तथा बसोबासको व्यवस्था वि.सं. १८९० पूर्व हुँदै आएको कुरा वि.सं. १८९० को गुठी लालमोहरद्वारा ज्ञात हुन आउँछ ।

२. उक्त धर्मशालाको व्यवस्थापन र तीर्थयात्री, जोगी, फकीर, साधु सन्तका

लागि खानपान तथा बसोबासको व्यवस्था मिलाउनका लागि तत्कालीन मुख्तियार जनरल भीमसेन थापासमक्ष स्थानीय व्यक्तिहरूबाट जाहेर भई भीमसेन थापाबाट राजा राजेन्द्रमा जाहेर गरी उक्त व्यवस्थापनका लागि राजाबाट १४० मुरी माटो जमिन गुठी व्यवस्था भएको पाइन्छ ।

३. वि.सं. २०३७ सालमा नेपाल सरकारबाट जग्गा-जमिन नापजाँच गर्ने सिलसिलामा सरकारी व्यवस्थाअनुसार गुठी जग्गाका गुठियारहरूले निश्चित रकम तिरी शिव मन्दिर परिसरको करिब २० रोपनी जमिनबाहेक अन्य सम्पूर्ण जमिन रैतान नम्बरी गुठीका रूपमा गुठियारहरूकै नाममा दर्ता भएको पाइन्छ ।

४. वर्तमानमा धर्मशाला पनि भत्किएर गएको र सदावर्त गुठीको रूपमा गुठी जग्गा पनि नरहेको कारण साधु, सन्त, महात्मा तथा तीर्थयात्रीहरूलाई बसोबास तथा खानपानको व्यवस्था छैन र करिब २० रोपनी बगैंचा क्षेत्रमा शिव मन्दिर रही स्थानीय व्यक्तिहरूको सहयोगमा नियमित र विशेष पूजाआजा सञ्चालन हुँदै आएको छ ।

५. नित्य पूजा तथा विशेष पूजा हुने रामकोश फूलबारीस्थित शिव मन्दिर परिसर वर्तमानका वनभोजस्थलका रूपमा पनि विकास भएको छ । यो पर्यटकीय स्थलका रूपमा पनि विकास हुँदै गइरहेको छ ।

# सन्दर्भ सामग्री


**१. अन्तर्वार्ता एवम् महत्त्वपूर्ण जानकारी प्रदान गर्नुहुने महानुभावहरूको नामावली**

आचार्य, तिलप्रसाद (५०), शिव मन्दिरका वर्तमान पुजारी, फापरथुम गा.वि.स.-९ (२०६८/१०/०५)।

गिरी, चम्फा (७३), संस्थापक, धनेश्वर महादेव तथा राधाकृष्ण मन्दिर, गुँडीखोला, स्याङ्जा (२०६०/१०/७)

थापा डोलबहादुर (५६), समाजसेवी, पुतलीबजार नगरपालिका-६, रामकोश (२०६८/१०/२०)।

थापा, रुद्रबहादुर (६८), समाजसेवी, पुतलीबजार नगरपालिका-६ रामकोश (२०६८/१०/२३)।

थापा, रामबहादुर (६०), अध्यक्ष, शिव मन्दिर व्यवस्थापन समिति, पुतलीबजार नगरपालिका -६ रामकोश, फूलबारी (२०६८/११/०२)

थापा, लिलबहादुर (७५), पूर्व अध्यक्ष, शिव मन्दिर व्यवस्थापन समिति (२०६८/११/०८)।

थापा, मानबहादुर (७१), सदस्य, शिवमन्दिर विकास निर्माण समिति (२०६८/११/११)।

**२. पुस्तक तथा लेखरचना**

उपाध्याय, श्रीरामप्रसाद, (२०५१), *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार।

कार्की, ज्ञानबहादुर, (२०६५), *नेपालमा प्रजातान्त्रिक आन्दोलन,* काठमाडौं : निर्मला कार्की र किरण कार्की।

क्षत्री, गुप्तबहादुर, (२०६२), *स्याङ्जा जिल्लाका पुरातात्विक महत्वका स्थलहरू* ।

क्षत्री, दिलबहादुर, (२०६०), "धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थल सतौं रजस्थल एक अध्ययन", *आँधीको सुसेली,* पोखरा : स्याङ्जाली सम्पर्क सदन।

क्षत्री, दिलबहादुर र ज्ञानबहादुर कार्की (२०५४), *स्याङ्जा जिल्लास्थित प्रसिद्ध मठ-मन्दिर र गुठी व्यवस्था : संक्षिप्त अध्ययन,* नेपाल तथा एसियाली अध्ययन केन्द्र कीर्तिपुरमा प्रस्तुत प्रतिवेदन ।

-----, (२०५७), *सिद्ध शक्ति पीठ श्री विन्ध्यवासिनी तथा पोखरामा केही मठमन्दिरहरू संक्षिप्त अध्ययन,* पोखराः विन्ध्यवासिनी धार्मिक सेवा समिति ।

जोशी, हरिराम (२०३६), "मध्यकालीन अभिलेख", *प्राचीन नेपाल* (संख्या ५३, ५६), काठमाडौंः पुरातत्व विभाग ।

टण्डन, गोविन्द (२०५२), *नेपालमा गुठी व्यवस्था,* काठमाडौंः नेपाल अध्ययन समूह ।

ढकाल, निर्मला, (२०५९), *स्याङ्जा जिल्लामा रहेका गुठीहरूको एक अध्ययन* ( अप्रकाशित शोध-पत्र), इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत शोधपत्र ।

थापा, कृष्णबहादुर, पार्थिवेश्वर तिमिल्सिना र मदनकुमार दाहाल (२०५४), *आधुनिक नेपालको आर्थिक इतिहास,* कीर्तिपुरः त्रि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

थापा, सादुराम, (२०६७), *ढोरबाराही देवीको ऐतिहासिकता, जनविश्वास र वातावरणीय प्रभाव अध्ययन* (अप्रकाशित शोधपत्र), इतिहास तथा संस्कृति विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत शोधपत्र ।

पराजुली, कृष्णप्रसाद (सम्पा.), (२०५०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

*पुतलीबजार नगरपालिकाको पार्श्वचित्र* (२०६५), स्याङ्जाः पुतलीबजार नगरपालिकाको कार्यालय ।

पौड्याल, दामोदर (२०४४), समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका, काठमाडौंः ने.रा.प्र.प्र. ।

बज्राचार्य, धनबज्र (२०५३), *लिच्छविकालका अभिलेख,* कीर्तिपुरः त्रि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

रेग्मी, जगदीशचन्द्र (२०२६), *लिच्छवि संस्कृति,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

----- (२०३६), *नेपालको वैधानिक परम्परा,* काठमाडौंः पाठ्यक्रम विकास केन्द्र ।

रेग्मी, देवकी, (२०६१), *गह्रौं राज्यको ऐतिहासिक अध्ययन* (अप्रकाशित शोधपत्र), इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत शोधपत्र ।

सुवेदी, गोपालधन (२०६०), "गह्रौं कालिका : ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको अध्ययन", *सगुन,* वर्ष २, अंक २, ।

सेन्ट्रल ब्युरो अफ स्टाटिस्टिक्स (२००२ इ.), *स्टाटिस्टिकल पकेट बुक नेपाल,* काठमाडौं : हिज मेजेस्टिज गभर्नर सेन्ट्रल ब्युरो अफ स्टाटिस्टिक्स ।

*स्याङ्जा जिल्ला एक चिनारी* (२०६३), स्याङ्जाः जिल्ला विकास समितिको कार्यालय ।

*स्याङ्जा शैक्षिक दर्पण,* (२०६७), वर्ष १० अंक ९, स्याङ्जा : जिल्ला शिक्षा कार्यालय ।

# परिशिष्ट : क

## सदावर्त गुठी र शिव मन्दिरका बारेमा अनुसन्धानका क्रममा सोधिएका प्रश्नावलीको नमुना

१. तपाईको परिचय ?

२. शिव मन्दिरको बारेमा बताइदिनुहुन्छ कि ?

३. यस मन्दिरको ऐतिहासिकताका बारेमा केही बताइदिनुहुन्छ कि ?

४. यो मन्दिर बनाउनुको कारण बताइदिनुहोस् न ।

५. तपाईको यस मन्दिरमा संलग्नता छ कि छैन ?

६. यदि छ भने के-के कुराहरूमा संलग्न हुनुहुन्छ ?

७. शिव मन्दिरका पूजाका विधिहरू के-के हुन् ?

८. पूजाका लागि के-के सामग्रीहरू आवश्यक पर्दछ ?

९. यहाँ कुन-कुन पर्वहरू र संस्कारहरू सम्पन्न गरिन्छ र कहिले ?

१०. यो मन्दिरको जीर्णोद्धार कहिले र कसले गरेको हो ?

११. यस मन्दिरका संस्थापक को हुनुहुन्छ ?

१२. शिव मन्दिरको व्यवस्थापन समितिको अध्यक्ष को हुनुहुन्छ ?

१३. यहाँको व्यवस्थापन समितिमा कति जना सदस्य हुनुहुन्छ ?

१४. मुक्तिनाथ सदावर्त गुठीको स्थापना कहिले भएको थियो ?

१५. मुक्तिनाथ सदावर्त गुठीको प्रयोजनका बारेमा बताइदिनुहुन्छ कि ?

१६. मुक्तिनाथ सदावर्त गुठीको आवश्यकता किन परेको हो ?

१७. मुक्तिनाथ सदावर्त गुठीको अस्तित्व कहिलेबाट समाप्त भएको हो ?

१८. यस क्षेत्रमा भविष्यका लागि के गर्दा राम्रो हुन्छ जस्तो लाग्छ ?

१९. यहाँ कुन समयमा पूजा चल्दैन ?

२०. यस मन्दिरप्रति जनविश्वास कस्तो पाउनुभएको छ ?

धन्यवाद !

# परिशिष्ट : ख

## सदावर्त गुठी र शिव मन्दिरसम्बन्धी लालमोहर

## परिशिष्ट : ग

### रैतान नम्बरी गुठी मुक्तनाथ सदावर्तको लालपुर्जा

## परिशिष्ट : घ अध्ययन क्षेत्रसँग सम्बन्धित फोटाहरू



रामकोश फूलबारीस्थित शिव मन्दिर



स्थानीय समाजसेवी रुद्रबहादुर थापासँग कुराकानी गर्दै अनुसन्धानकर्ता ।



शिव मन्दिरका पुजारी तिलप्रसाद आचार्यसँग स्थलगत अध्ययनका क्रममा शोधकर्ता ।



शिव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर थापासँग अनुसन्धानकर्ता ।